# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (साठी औं बैठक)

# कार्यबाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०६।१८ गते

**माननीय सदस्यहरू, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।**

माननीय सदस्यहरू, सर्वप्रथम शून्य समय प्रारम्भ हुन्छ । शून्य समयमा बोल्न चाहनुहुने माननीय सदस्यहरूको लागि १ मिनेटको समय निर्धारण गरेको छ । निर्धारित समयभित्र माननीय सदस्यहरूले आ-आफ्ना भनाइ राख्नु हुन अनुरोध गर्दछु ।

**माननीय सदस्य दोबाटे विश्वकर्मा, तनहूँ**

माननीय सभामुखज्यू, अहिले विश्वभरी फैलिएको कोरोनाले हामीलाई पनि आतङ्कीत बनाएको छ । यसै सन्दर्भमा हामी पनि त्यसबाट, हाम्रो गण्डकी प्रदेश पनि अछुतो रहेको छैन । त्यसकारण हामी नेपालीहरूको महान् चाड अब दशैं नजिकैं आउँदै छ । त्यसकारणले हामीले अति भिडभाड हुने कारणले गर्दा खेरीमा हाम्रो गण्डकी प्रदेशमा अझै बढी जोखिम हुने देखिएकोले गर्दा अब हाम्ले जसरी परम्परा रूपबाट दशैंको टिका हाम्रा मान्यजनबाट ग्रहण गर्दै आइरहेको थिएम तथापि त्यसैलाई मध्यनजर गर्दै, यो संक्रमणलाई मध्यनजर गर्दै यसपालिको दशैंमा आफ्नो घरपरिवार भन्दा बाहिरका मान्यजनसँग टीका थाप्नका लागि नजाने वातावरण सिर्जना गर्नका लागि माननीय सभामुखज्यूमार्फत गण्डकी प्रदेशको ध्यानाकर्षण गराउन चाहन्छु । त्यसैगरी अहिलेको अवस्थामा जुन यो संक्रमण अवस्था छ र हामीले झण्डै चार पाँच महिनाजति हामीले सदन सञ्चालन गरिरहेको अवस्था छ । र अहिले सर्सती हेर्दा खासै त्यस्तो खालको एकदम बितिहाल्ने खालका जस्ता हाम्रा विधेयकहरू पनि छैनन् जस्तो लाग्छ । र अर्को कुरा यो धेरै संक्रमण बढिरहेको बेला हाम्रो तनहूको कुरा गर्दा हाम्रो समुदायमै फेलिएकोले भीमादन नगरपालिका सिल भइरहेको अवस्थाले गर्दा अब सदन स्थगित गर्दा उपयुक्त होला कि भन्ने मेरो आग्रह छ धन्यवाद । जय नेपाल

**माननीय सदस्य धनकुमारी गुरुङ, गोर्खा**

माननीय सभामुख महोदय, अहिले यो मुलुक एकदमै जोखिम र विषम परिस्थितिमा रहेको । यो हाम्रो वर्षे अधिवेशनमा सदनमा ल्याउनुपर्ने, नेपाल सरकारको र सरकारको कार्य सम्पादनका लागि जति गरिसक्नुपर्ने हो त्यो विधेयकहरू हामीले पास गरिसकेका छौं त्यसकारणलेम  सभामुखमार्फत गण्डकी प्रदेशको सरकारलाई के अनुराध गर्न चाहन्छु भने हामीले ल्याउनै पर्ने त्यस्तो अति आवश्यक विधेयकहरू पनि केही छैन । त्यहीकारणले अब आउने विवधेयकहरू यो बर्खे अधिवेशनपश्चात अर्को हिउँदे अधिवेशनमा ल्याउादा पनि हुन्छ त्यहाी कारणले आजकै दिनबाट यो वर्षे अधिवेशन क्लोज होस्, बन्द होस् भनेर अनुरोध गर्न चाहन्छु । अहिलेको अवस्था भनेको एकदमै अहिले प्रधानमन्त्रीको सल्लाहकार, सचिवदेखि लिएर सबैलाई देखिइसकेको अवस्था छ । समुदायस्तरमा पसिसकेको अवस्था छ । हामीले आफ्नै सरकारलाई पीसीआरको दायरा फराकिलो गर्नुपर्छ भन्दा त्यही कुरामा नमिलेर हाम्रो सदन घचाघुचुक भइरहेको अवस्था पनि हो । त्यही कारणले म फेरि पनि अनुरोध गर्न चाहन्छु, यो ल्याउनैपर्ने विधेयकहरू हामीले पास गरिसकेका छौ त्यही कारणले आजकै दिनबाट सदन बन्द गरियोस् हवस् धन्यवाद जय नेपाल ।

**माननीय सदस्यहरू शून्य समयमा बोल्ने माननीय सदस्यहरूको नाम प्राप्त नभएको हुँदा सो क्रम यही समाप्त हुन्छ ।**

**माननीय सदस्यहरू अब विशेष समय प्रारम्भ हुन्छ ! निर्धारित समयभित्र माननीय सदस्यहरूले आ-आफ्नो स्थानबाट आ-आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।**

**सर्वप्रथम माननीय सदस्य श्री मिना गुरुङ समय ७ मिनेट**

माननीय सभामुख महोदय, मानव जीवनमा आइपरेको यो ठूलो संकटको समय कोभिड १९ को महामारीले हामीमाथि पारिरहेको प्रभाव विश्वकै लागि चुनौतीपूर्ण रहेको छ । सर्वप्रथम रोग लाग्न नदिन वा संक्रमणबाट बचाउन हाम्रो सरकारले अथक प्रयास गरेको छ । तर एकैचोटी सबैको समस्या हल गर्न र त्यसभित्रका समस्या केलाउन अप्ठ्यारो परेको देखिन्छ । सरकार भन्नाले संघ, प्रदेश र स्थानीय बीचको सम्बन्ध, सहकार्य दरिलो हुनुपर्छ । योजना बनाउनु अघि वर्तमान परिस्थितिका मुख्य समाधान गरिहाल्नुपर्ने जनताको रोजी, रोटी, रोग, भोकका कुरालाई महत्वपूर्ण रूपमा समाधान गर्दै अघि बढ्नु नै आजको मुख्य आवश्यकता हो । हामीले कुनै नीति कार्यक्रम ल्याउँदा धेरै सरोकारवालाई व्यक्तिहरू र सम्बन्धित विज्ञको बृहत् छलफलबाट ल्याउने गरेमा पुर्न संशोधन गरिहाल्नुपर्ने स्थिति पनि आउने छैन । दशैं तिहार जस्ता नेपालीहरूको महान् पर्व नजिकै आइसक्यो माननीय सभामुख महोदय, हुनेले खाने होला, नहुनेले के गर्ने ? कमाएका केही पूँजी पनि कोरोनाको बन्दाबन्दीले

सकिइसकेको छ । ती गरीब निमुखा जनताहरूका लागि अब यो २०७७ को दशैं कस्तो बन्ला ? यसबारे कुनै ठोस् योजना छ कि छैन हाम्रो सरकारको ?

**माननीय सभामुख महोदय,** म सरकारको कार्यदक्षता र योजनालाई धन्यवाद दिन्छु । तर त्यो कार्यान्वयनमा असफल भइदिँदा दुःख लाग्छ । जनताप्रति समर्पित भई सरकार आफ्नो ज्यानको प्रवाह नगरी छलफल, बैठक चलाइराखेको छ र जहाँबाट काम हुनुपर्ने, त्यो क्षेत्र त्यहाँका जिम्मेवार व्यक्ति म-म भन्दै आफ्नो कर्तव्यमा किन लाग्न सक्दैनन् ? कोरोनाले भत्काएको सबै सपना र समाजको अर्थ व्यवस्थालाई आवश्यकतानुसार चलायमान बनाउन योजना र सो अनुसारको निर्देशन धेरै छ । तर काममा ढिलासुस्ती, विभेद र अव्यवहारिकपनले सरकार उच्चतम भावनासहितको योजनामा पुग्न सफल हुन सकेन । जसको सबै दोष सरकारमाथि नै थोपरिने छ ।

**माननीय सभामुख महोदय,** कोरोना संकट क्षेत्र र समुदायप्रति लक्षित नीति तथा कार्यक्रममा हाल हाम्रो पर्यटन क्षेत्रको पुर्नजीवन कोष सही ढंगले कार्यान्वयन हुन नसकेको पर्यटन व्यवसायीहरूको गुनासो छ । यस सम्बन्धिका जिम्मेवार व्यक्तिहरूलाई म अनुरोध गर्दछु, के हुँदै छ र किन सोचे जस्तो हुन सकेको छैन ? माननीय सभामुख महोदय हो, समस्या जतातत्तै छन् अब त्यसलाई हाम्रो गण्डकी प्रदेशका समस्याहरूलाई केलाउने क्रममा संघीयताको औचित्यलाई पुष्टि गर्दै जानुपर्छ । सहज र सुलभ ढंगले जनताले सरकारको योजनामा आफ्नो भूमिकाको महसुस गर्न पाउनुपर्छ । हाल संगठित र असंगठित क्षेत्रका असंख्य मजदुरहरूको समस्यालाई हामीले सही मानेमा देखिने तरिकाले सम्बोधन गरिनुपर्दछ । पारिश्रमिक नपाएका उद्योगका मजदुरहरू, विद्यालयका शिक्षकहरू, विभिन्न पर्यटन क्षेत्रका मजदुरहरूप्रति सम्बन्धित निकायको भूमिका सुस्त भयो, सक्रिय देखिएन । घाउ पाकेर फुटिसक्यो तर उपचार पाएन भने जस्तै अवस्था छ । हो रोगको संक्रमणबाट बच्न धेरै उपाय अपनाउनु पर्छ तर भोको पेट कसरी बाँच्न सकिएला ? प्रश्न म यो सम्मानित सभामा उठाउन चाहन्छु ।

**माननीय सभामुख महोदय**, केन्द्रीय सरकारको मौद्रिक नीतिबाट सम्बोधन भएका विषयहरू बैंकहरूबाट सही ढंगले कार्यान्वयन भएको देखिँदैन । यसका कारण खोजेर आर्थिक विपन्नतामा धँस्सिएका साना स्वरोजगार नागरिकहरूलाई राहत प्रदान गरी हाल्नुपर्ने आवश्यकता छ र खेलकुद, जिम, ब्यूटीपार्लर, सैजुन जस्ता, यस्ता साना व्यवसायहरूलाई अब आफ्नो व्यवसाय गर्न पाउनको लागि अनुमति प्रदान गर्नुपर्छ । नत्र उठ्नै नसक्ने गरी थलिने अवस्था सिर्जना भएको छ । कोरोना महामारीको विषम परिस्थितिमा पर्यटन क्षेत्र खुला गर्न अहिले सरकारले पर्यटकले पालना गर्नुपर्ने मापदण्डसमेत स्वीकृत गरिसकेको छ हाम्रो प्रदेश पर्यटनको प्रदेश हो । यसमा कोरोनाको कहरसँगै मजदुर र व्यवसायीहरूको

समस्यालाई मध्यनजर गर्दै सरकारले स्वास्थ्यको पोर्टोकल तयार गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्नुपर्दछ । साथै पर्यटकलाई लामो समयसँग पर्यटन क्षेत्रमा बस्न मन लाग्ने वातावरण सिर्जना गर्नुपर्छ । हाम्रा व्यापार व्यवसायीहरूले पनि राम्रो सेवा प्रदान गर्नुपर्छ । पर्यटन क्षेत्रका मजदुरहरूलाई पनि विस्थापित हुन नदिन यो संक्रमण भित्र व्यवहारिक सहयोग सरकारको हुनुपर्छ । पर्यटन नै हाम्रो प्रदेशको मुख्य आधार हो । मजदुर विना कुनै पनि व्यापार, व्यवसाय फस्टाउन पनि सक्दैन । गण्डकी प्रदेशलाई कोरोनामुक्त बनाउँदै विकास र संवृद्धितिर लैजान सबै गण्डकीवासीको समस्याप्रति गम्भिर भई समाधान गर्दै जाने बाटोमा अग्रसर हुन जरुरी छ । समस्यामा पनि प्राथमिकताको हिसाबमा अगाडि आउनु पर्छ । यति कुरा राख्दै अब दशैं नजिक आउँदैछ, तिहार नजिक आउँदैछ, यसको पनि सम्पूर्णमा हार्दिक शुभकामना टक्रयाउँदै कुरा भन्दा काम बढी गर्नका लागि सरकारलाई अनुरोध गर्दै अहिलेलाई म विदा हुन्छु हवस त धन्यवाद ।

**माननीय सदस्य श्री मेखलाल श्रेष्ठ, समय ८ मिनेट ।**

माननीय सभामुख महोदय, हामीले धेरै मेहेनत गरेर, रगत पसिना बगाएर लोकतन्त्र संघीयता ल्यायौं । अब त जनताले न्याय पाउँछन् भन्ने विश्वास सबैतिर छाएको थियो । तर अहिले त फेरि सामन्तहरू नयाँ राजा र राणाकालमा जस्तै आफूलाई जी हजुरी गर्ने, सधैं आफ्नो वरिपरि घुमिरहोस् भन्ने चाहना नेतृत्व वर्गमा पलाउन थालेको जस्तो देखिन्छ । यसको ज्वलन्त उदाहरणका लागि हाम्रै प्रदेशका पर्यटन उद्योग मन्त्रीज्यूले देखाइरहनु भएको छ । उहाँमा जनताहरूमा आफ्नो अधिकार आवश्यकता, विकास निर्माणमा खोज्दै उहाँकोमा पुग्दा उहाँले त भन्न थाल्नु भएको छ । तपाईंहरूले मलाई चिफ गेष्ट बनाउँदै बनाउनु हुन्न । मलाई तपाईंहरूको क्षेत्रमा बोलाउँदै बोलाउनु हुन्न, योजना मागेर मात्रै पाइन्छ ? तपाईंहरूले हामी कहाँ आएर हामीलाई सेवा गर्नुपर्छ भन्ने भाव प्रकट गर्नुभएको छ । यही हो लोकतन्त्र ? यही हो संघीयता ? जनताको अधिकार ? भन्ने मलाई कहाँ-कहाँ शंका लाग्न थालेको छ । हामीले ल्याएको लोकतन्त्र कसैलाई सामन्त बन्नलाई र कसैले पुर्खा जस्तै आफूलाई सधैं सेवामा तल्लिन बनाउनका लागि आफूँ शासक र जनतालाई सेवक बनाउने खालको भाव प्रकट भएको त होइन ? यसले संघीयता र प्रदेशसरकारलाई नै असफल बनाउनतिर अग्रसर भएको हो कि भन्ने मलाई लाग्छ ।

**सभामुख महोदय,** आफ्नो मन्त्रालयमा छुट्याइएको परामर्शको नाममा खर्च भएको ३ करोड जो महालेखा परीक्षकले बेरुजुको नाममा देखाइसक्यो । के त्यसलाई कसरी खर्च भएको हो ? कुन शीर्षकमा खर्च भएको हो ? भन्ने कुरा सदनमा जानकारी गराउने कुरा गोलमटोल तरिकाले गराउने ? जुन राष्ट्रको सम्पत्ति बनाउनका लागि वन पैदावरमा राजस्व संकलन गर्नुपर्नेप्रति ध्यान नदिने अनि मन्त्री चाहिने कहाँ आफूलाई सम्मान गर्छ, कहाँ मेरो पहुँच

देखाउन पाइन्छ ? भन्नेतिर मात्रै ध्यान दिँदा कतै प्रदेश सरकार नै असफल हुने हो कि ? हामी प्रदेश सरकारका माननीयहरू नै असफल सावित हुने हो कि ? भन्ने मलाई कता-कता डर लागिरहेको छ सभामुख महोदय । चाडपर्व नजिक आइसक्यो, बजार अस्तव्यस्त छ । दिनदिनै महङ्गाई बढेको छ । बजारमा पाइने मालसामानहरू व्यापारीहरूले कालोबजारी गर्नका लागि, उपभोक्तालाई ठग्नका लागि लुकारहेका छन् । म्याद गुज्रेका समानहरूलाई नयाँ डेट टाँगेर, स्टीकर टागेर बजारमा बेचिरहेको छ तर आपूर्तिमन्त्रीज्यू त्यतातिर अनुगमन गर्नको सट्टा आफ्नो सत्ता कसरी जोगाउने ? आफूलाई सम्मान क-कसले दिन्छ ? त्यतातिरको ध्याउन्नमा लाग्नुभएको छ । जनताहरू यो रोगबाट, भोकबाट पीडित भएको छ । उहाँलाई अहिले पनि ऐस आराम र आफ्नो मन्त्री पदको एउटा घमण्ड देखाएर गाउँगाउँमा घुम्नलाई फुर्सद छैन सभामुख महोदय । प्रदेश सरकारलाई सभामुखमार्फत् प्रदेश जनतालाई यसबाट जोगाउनका लागि र प्रदेशको जनतालाई साच्चै प्रजातन्त्रको र गणतन्त्रको अनुभूति दिलाउनका लागि बेलैमा सोचोस् सभामुख महोदयमार्फत आग्रह गर्न चाहन्छु ।

राष्ट्रियताको ठूलो ढ्वाङ रची जनतालाई विकास निर्माणका पपुलर योजना बाँड्ने काम चाही गर्न नपर्नी । नयाँ-नयाँ कामको शुरुवात नगर्नी पहिल्यै सरकारले लागू गरेका क्रमागत योजनाको उद्घाटन गर्ने अनि जनताहरूलाई फेरि भ्रम छर्नका लागि यो त हाम्रो सरकारले ल्याएको योजना हो, अहिले भर्खरी ल्याएर जाँदुको छडीले उद्घाटन गरेको हो भनेजस्तो जनतालाई ढाँट्न थालिएको छ । यही सदनमा म भन्न चाहन्छु । सम्माननीय प्रधानमन्त्रीज्यूले जनकपुरमा राणाकालदेखि चल्दै आएको रेललाई समय-समयमा त्यसलाई मर्मत सम्भार हुँदै थियो तर मेरै पालामा रेल ल्याए भनेर देखाउनलाई रेल एकदिनलाई जनकपुरमा ल्याएर राष्ट्रको सम्पत्ति तहसनहस बनाउने र त्यो रेल फर्किने त्यस्तै विभिन्न योजनाहरू, क्रमागत योजनाहरूलाई सम्पन्न भएपछि मेरै सरकारले ल्याएको हो भन्ने यदि यही सरकार, स्थीर सरकारले योजना ल्याएको हो भने, गण्डकी प्रदेशमै चुनावको बेलामा प्रधानमन्त्रीज्यूले सररररर रेल, छुकछुकछुक होइन सररररर रेल पोखरामा आउँछ कुश्मामा त्यसको स्टेशन पनि बन्छ भनेको कुरा जनताले बिर्सेका छैनन् । २१ औं शताब्दीको जनताहरूलाई ढाट्नु हुँदैन । बोलेको कुरालाई कार्यान्वयन गर्नुपर्दछ तर त्यसको पीडिआरको कुनै छाटकाटसम्म छैन, त्यही कारणले म प्रदेश सरकारमार्फत, सभामुखमार्फत केन्द्रीय सरकारलाई पनि झुट्टो कुराहरू धेरै गर्नु हुँदैन । आफूले बोलेको बचनहरूलाई पूरा गर्न कोसिस गर्नुपर्दछ भन्ने माग गर्न चाहन्छु ।

राष्ट्रको प्रतिनिधित्व गर्दै, देशको राष्ट्रियता, विकास र पञ्चशीलको आधारमा परराष्ट्रनीतिलाई बलियो बनाउने जिम्मा लिएर महामहिमज्यूहरू विभिन्न राष्ट्रमा जाने अनि

आफ्नो राष्ट्रको नीतिअनुसार, आफ्नो राष्ट्रलाई बलियो बनाउनुपर्नेमा विभिन्न सञ्चारमाध्यमहरूलाई आफूलाई पपुलर बनाउनका लागि देशको राष्ट्रियता माथि नै खतरा हुने गरी, देशको इज्जत नै जाने गरेर जुन एउटा अन्तर्वार्ताको चलन बनेको छ त्यसमा पनि प्रदेश सरकारमार्फत केन्द्रीय सरकारले आफ्नो कुटनीतिक नियोगहरूलाई सचेतना गराउनका लागि आग्रह गराउँछु । सभामुख महोदय, राष्ट्रघातको विषयमा बोलेर कहिल्यै नथाक्ने, इतिहासमै मैले ठूलो काम गरें भनेर देवत्वकरण गर्न पछि नपर्ने । तर व्यवहारमा सिन्को नभाँच्ने जनतालाई भ्रममा पार्ने । हाम्रो गुमेको जमिन मैले ल्याउन थालिसकें, नक्सामा मात्रै होइन भनेर झुट बोल्ने, सबै प्रतिपक्ष र सबै सरोकारवाला नेपाली जनताको साथमा नक्सा त प्रकाशित भयो । तर भावी पुस्ताहरूले पनि राष्ट्रियताको विषयमा अझै सक्षम र सरल भएर सतर्कताका साथ अगाडि बढुन भन्ने ध्ययले जुन कक्षा ११ र १२ को पाठ्यपुस्तकमा नक्सासहितको एउटा विवरण छापिएको थियो तर देखाउन जनतालाई राष्ट्रवादी भन्ने, कर्महरूको चाकरी गर्नका लागि त्यो एउटा छापिसकेको पुस्तक पनि बाँड्नका लागि सम्माननीय प्रधानमन्त्रीज्यूले रोक्नु भएको छ । कुन शक्तिले हो त्यो ? नेपाल जनता र प्रतिपक्ष सबै उहाँहरूको साथमा छ, स्थिर सरकार छ त्यो किन प्रकाशित भएन ? म सभामुख महोदयमार्फत यो कुरा जुन, छापिइसकेको छ त्यसलाई तुरुन्तातुरुन्ती कार्यान्वयन गर्न प्रदेश सरकारमार्फत केन्द्रीय सरकारलाई आग्रह गर्दै सबै नेपाली जनता एक्काइसौं शताब्दीमा छन् । हामीले बोल्नुपर्छ, गर्दागर्दै पूरा नहुनसक्छ तर पूरा नहुने झुट कुरा अब बोल्नु हुँदैन । त्यसले राष्ट्रलाई मात्रै होइन, तपाईंहरूलाई नै घाटा पार्न सक्छ । नेकपाको सिद्धान्त र मेनिफेस्टोमा त्यस्तो लेखिएको छैन जस्तो लाग्छ, त्यसलाई मैले यो सदनमार्फत आग्रह गर्दै विदा हुन्छु धन्यवाद । जयनेपाल ।

**माननीय सदस्य श्री जुनादेवी नेपाली, समय ७ मिनेट ।**

माननीय सभामुखज्यू, यस वर्ष विशेष गरी असार, श्रावण, भाद्र महिनामा देशभर अविरल वर्षाका कारण विभिन्न ठाउँमा पहिरो जाने, मानवीय तथा भौतिक क्षती भयो । र गण्डकी प्रदेशमा पनि पहिरोबाट बढी प्रभावित गरेको कुरा हामी सबै जानकार नै छौं । नेपाल सरकारले दुई जिल्लालाई पहिरो जोखिम संकटग्रस्त क्षेत्र पनि घोषणा गर्‍यो र बाढीपहिरोबाट देशभर ज्यान गुमाउने दाजुभाइ तथा दिदीबहिनीहरूप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । र पहिरोबाट घाइते हुनुभएका सम्पूर्णको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । अझ भन्ने हो भने सबैभन्दा बढी बाढीपहिरोबाट प्रताडित दलित, गरीब र विपन्न समुदाय नै परेका छन् । किनकि उहीहरूको धेरैजसो बसोबास पाखापखेरा, र भिरालो जमिनमा बसोबास हुने, खोला किनारमा बसोबास भएको हुनाले बढी प्रभावित उनीहरू परिरहहेका छन् । हुन त अन्य समुदाय पनि परेका छन् र बढी यो समुदाय परेको हामी

पाउँछौं । यसैले यस्ता विषयहरू अत्यन्त खोजीको विषय बनाउन सरकारको ध्यानाकर्षण गर्दछु ।

यसैवर्ष २०७७ साल भाद्र २८ गते राति आएको अविरल वर्षाका कारण भाद्र २९ गते बिहान करिब ४ बजे फलेवास नगरपालिका ४ मुडिकुँवा शिशुवामा नविन विक र उनको परिवारलाई बाढीले बगायो र सुरक्षाकर्मी, गाउँलेहरूको उसको परिवारको उद्धार गरेको र नविन विकको एक छोरीको मृत्यु भएको छ । मृतक बालिकाप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । सरकारले राहत उपलब्ध गराइसकेको छ । तर त्यो ठाउँमा नविन विकलगायत अन्य परिवारहरू पनि रहने र त्यो ठाउँ जोखिममा रहेको हुनाले त्यहाँ बस्न सक्ने मनस्थितिमा उनीहरू छैनन् । त्यसैले ती परिवारहरूलाई पुर्नस्थापनाका लागि सरकारसँग आवश्यक पहलका लागि म ध्यानाकर्षण गदुर्छ । भाद्र २९ गतेकै दिनकै अविरल वर्षाका कारण फलेवास नगरपालिका ४ मुडिकुँवा पर्वतका साविकको वडा नं. १ र ४ मा रहेका घरधुरीमाथि मुडिकुवा-लुंखु-हुवास मोटरबाटो रहेको र सोबाटोदेखि माथि करिब १० देखि ५०० मिटरसम्मको पहाड रहेकोले सो पहाडबाट पहिरोहरू आई क्षती पुऱ्याइरहेको र नालिबाट आएको पानीले बस्तीलाईसमेत जोखिम पुऱ्याएको छ । यी सबै समस्यालाई व्यवस्थापन गर्नका लागि ती स्थानमा भूगर्वविद्हरू मगाई आवश्यक अनुसन्धान गर्ने र ती वस्तीहरू त्यहाँ बस्न सकिन्छ कि सकिँदैन र त्यो अध्ययन गर्ने र गर्नका लागि सरकारको ध्यानाकर्षण गर्नु चाहन्छु र सडक माथि मेसिनरी वाल, जाली लगाउने, बाढीपहिरो व्यवस्थापनका लागि  सरकारको म ध्यानाकर्षण गर्दछु । त्यसैदिन मुडिकुवाकै चुरीमा पहिरो आएको छ । मानववस्ती जोखिममा परेको छ । लगायत पर्वतकै फलेवास नगरपालिकाको पुर्गाको वस्ती पनि जोखिममा परेको छ । जलजलाका विभिन्न गाउँमा पहिरोले क्षति पुऱ्याएको छ । यस्ता गाउँहरूमा भूगर्वविद्हरूको टोलीसहित अनुगमन गरी  बस्ती त्यस्तो ठाउँमा बस्न सकिन्छ कि सकिँदैन भन्ने अध्ययन गर्नका लागि र आवश्यक सहयोगका लागि म प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद नमस्कार ।

**माननीय सदस्य श्री ललितकला गुरुङ, समय ४ मिनेट ।**

माननीय सभामुख महोदय, प्रदेश सरकारबाट व्यवस्था गरिएको रातो किताब रेडबुक भौतिक योजना मन्त्रालयबाट त्यहाँ विशेषगरी त्यहाँ धेरै योजनाहरू हुन्छन । ती योजनाहरू टेन्टरमार्फत काम हुने गरेका छन् । यहाँ ५ लाख १० लाखदेखि माथिका योजनाहरू समावेश गरिएका छन् । ५ लाखका १० लाखका योजनाहरू पनि जुन टेन्डरको विधिबाट काम गरिँदा त्यति प्रभावकारी भएको मैले देखिन । कुनै योजनाहरू टेण्डरमार्फत गरिँदा एउटा पक्षबाट  अर्को समूहमा जानी त्यो समूह-समूहमा गर्दा त्यसमा घटबड हुँदै जाँदा

खेरी त्यो तेस्रो समूहले काम गर्ने । त्यसो हुँदा फेरि १० लाखको काम कतिमा हुनी ? अनि त्यसपछि फेरि काम कस्तो प्रभावकारी देखिन्छ कि देखिँदैन ? गत सालमा त्यति प्रभावकारी काम नदेखिएको कारणले र यहीबाट विनियोजना गरिएको क्षेत्र विकास पूर्वाधारका कार्यक्रमहरू उपभोक्ता समितिहरूबाट गरिएका थिए । कति ती रेडबुकका कार्यक्रमहरू पनि उपभोक्ता समितिबाट गरिएका थिए । त्यो अल्लि प्रभावकारी देखियो । त्यसकारणले मैले भन्न खोजेको कारण के हो भने, सभामुखमार्फत प्रदेश सरकार र त्यससँग सम्बन्धित मन्त्रालयलाई मैले के भन्न चाहन्छु भने कार्यक्रम गरिँदाखेरी कुन चाही विधिबाट काम प्रभावकारी हुन्छन् ? त्यो विधिलाई अपनाएर कार्यान्वयनमा लगियोस् भन्न चाहन्छु । ती दुईवटै उपभोक्ता समितिबाट गरिएको काम र टेण्डर विधिबाट गरिएको काम दुईटैलाई दाँजेर हेरेर र ती दुवैलाई कुन प्रभावकारी भए त्यसलाई त्यही विधि अपनाएर त्यो कार्य अगाडि बढाउनका लागि म प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छु ।

अहिले यो कोभिड १९ का कारण हाम्रो देश नेपाल पनि अत्यन्त भयाभह भएको छ । त्यसमाथि प्रदेश नं. ३ को काठमाडौंमा सरकारले, काठमाडौं नआउनु है भनिसकेको अवस्था र गण्डकी प्रदेशले त्यो बारेमा के सोच बनाएको छ ? त्यसको स्पष्ट उत्तर अब जनता र हामी पनि जान्न चाहन्छौं । चाडबाड भित्रिदै छ । मध्यपहाडी लोकमार्गको कास्की सडक खण्डको केही बाटो हिलाम्य भएको र जुन यो कोरोना महामारीका कारण जस्तै डेलिभरी केसहरू, बिरामी अवस्थाका बिरामी केसहरू ल्याउनु पर्ने जुन मेन बाटो नै त्यस्तो भएपछि १ घण्टामा आइपुग्ने बाटो २ घण्टा लाग्नुपर्ने भएको स्थिति छ । र यो योजना केन्द्रीय सरकारले हेरिरहेको छ नभनिकन प्रदशेसरकारले पनि हाम्रो प्रदेश भित्रको हाम्रो प्रदेशको पनि काम हो भनेर यसतर्फ पनि ध्यान दिओस् भनेर म सभामुखमार्फत ध्यानाकर्षण गराउन चाहन्छु धन्यवाद जय नेपाल ।

**माननीय सदस्यहरू विषेश समयमा बोल्ने माननीय सदस्यहरूको क्रम यही समाप्त हुन्छ ।**

माननीय सदस्यहरू अब म माननीय भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री श्री लेखबहादुर थापा मगरलाई मिति २०७७ साल असोज १६ गते सभामा प्रस्तुत भएको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमााथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल असोज १६ गते प्रस्तुत भएको कृषि व्यवसाय प्रवर्द्धनसम्बन्धी व्यवस्था गर्न

बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयक माथि विचार गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद !

अब म उक्त प्रस्ताव निणयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीयहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीयहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीयहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीयहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू** अब कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ । यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु । छलफलमा भाग लिने माननीय सदस्यहरूको लागि १० मिनेट निर्धारण गरेको छु निर्धारित समयभित्र आ-आफ्नो भनाइहरू राख्न अनुरोध गर्दछु ।

**सर्वप्रथम माननीय सदस्य श्री दीपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।**

**माननीय सभामुख महोदय,** हामी प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफलमा छौं । स्वभाविक हिसाबले हामीले पढ्दै आएको, जान्दै आएको, आज पनि सरकारले प्राथमिकताको सूचीमा राखेको, हामी सबैसँग सम्बन्धित, हामी आफैं कृषक नभए पनि कृषकका छोराछोरी हौं भनेर गर्व गरिरहने कुरो यो हाम्रो लागि एकदमै महत्वपूर्ण कुरा हो । नेपाल कृषि प्रधान देश हो भनेर हामीले पढ्दै आयौं । जतिबेला हामीलाई खान मात्रै पुग्ने उत्पादन हुन्थ्यो । हाम्रो जनसंख्या कम थियो, हामी धेरै खेतीपाती गर्थ्यौं । निर्वाहमुखी नै भए पनि हामीलाई कमसेकम खान पुग्ने खालको थियो । त्यो बेला कृषि प्रधान भएकोमा गर्व गर्नु स्वभाविकै कुरा हो । तर आज हामीलाई हामीलाई पुग्ने कुरा, हामीले संवृद्धि हासिल गर्ने एउटा महत्वपूर्ण अंगको रूपमा लिएको कृषि क्षेत्र हामीलाई खान पुग्ने मात्रै होइन, हामीले वर्षेनी झण्डै २ अर्ब रुपियाँको खाद्यान्नहरू किनेर हामीले कृषि प्रधान देशको नागरिकको रूपमा मख्ख परेर गर्व गरिरहेको अवस्था छ । यो निकै नै एउटा कहाली लाग्दो अवस्था हो हाम्रो लागि । मैले त धेरै पटक यो बारेमा भनेको छु, यहाँ हामी सबैले भनिरहेका छौं । के हामीले संवृद्धि हासिल गर्ने महत्वपूर्ण अंग भनेको उत्पादनको क्षेत्र हो कृषिको क्षेत्र हो जहाँबाट हामी आत्मनिर्भर हुन सक्दछौं । आत्मनिर्भर

भएर मात्रै आर्थिक संवृद्धितर्फ हामी जान सक्दछौं । आत्मनिर्भर जहिलेसम्म हामी हुँदैनौं त्यो दिनसम्म जहिलेसम्म हामी किनेर खाइरहन्छौं त्यो दिनसम्म हाम्रो बजार घाटा घट्दैन । बजार घाटा जहिलेसम्म हाम्रो व्यापार घाटा घट्दैन, जहिलेसम्म हामी व्यापार घाटा रुमल्लिइरहेकौं या व्यापार घाटा व्यहोरी रहन्छौं भने हामीले आयात गर्ने वस्तुको बजारको मूल्य कहिल्यै पनि घट्दैन । हाम्रो जनजीवन पनि सहज हुँदैन यसको अर्थ । त्यसकारण यो एकदमै महत्वपूर्ण समयमा यो विधेयक आएको छ । प्रदेश कृषि व्यवसाय प्रवर्द्धनसम्बन्धी व्यवस्था गर्न बनेको जे विधेयक छ यो विधेयकको समर्थन गर्दछु । र मैले मोटामोटी डाटा हेरेँ झण्डै हामी गएको आर्थिक वर्षमा २ अरब, अघिल्लो आर्थिक वर्षमा पनि झण्डै २ खरबको हाराहारीमा एक खरब ७७ अबर ५३ करोड रूपैयाँको आयात गरेका रहेछौं । सामान्य कुराहरू हामीले जे कुराहरू गर्न सक्छौं । कागती, खुर्सानी, धनियाँको पातसमेत हामीले किनेर खाँदा रहेछौं । विदेशबाट किनेर खान्छौं । यसको लिष्ट लामै छ ।

हामीले के-केमा कति-कति किन्यौं भन्ने हरेक वर्ष सार्वजनिक गरिरहेका विभिन्न माध्यमबाट सार्वजनिक भइरहेकै अवस्था छ । यसलाई मैले यहाँ धेरै नदोहोर्‍याउँदै मैले यहाँ अलिकति हामीले गर्न सकिने कुराहरू पनि झण्डै ७७ करोड ७२ लाख रूपैयाँको हामी हरियो तरकारी मात्रै किन्दा रहेछौं । ८३ करोड रूपैयाँको लसुन किन्दा रहेछौं । एक अबर ७० करोड रूपैयाँको डेरीजन्य पदार्थ किन्दारहेछौं । झण्डै २ वर्ष अगाडि हाम्रो प्रदेश सरकारले डेरीजन्य वस्तुमा आत्मनिर्भर हुनका लागि काउफर्मको पनि कुरा गरेको थियो । त्यसको प्रक्रिया पनि अगाडि बढिरहेको होला । धान, चामल जो हामी ६० को दशकमा बंगलादेश, दक्षिण कोरियालाई हामी चामल बेच्थ्यौं । हामी धान चामलमै झण्डै हामी धान र चामल भनेर फरक-फरक शीर्षकमा दिएको रहेछ । चामलमात्रै ७२ अरबको किन्दा रहेछौं । ६ अरब ८४ करोड रूपैयाँको धान किन्दा रहेछौं । यसरी हेर्दा हामी कृषि प्रधान देशको नागरिकको रूपमा जे गर्व गरिरहेका छौं त्यो अवस्था हाल छैन । मैले धेरै ठाउँमा भन्ने गर्‍या छु हरियो वन नेपालको धन र कृषि प्रधान देश भनेर जे दुईवटा श्लोगन हामीले भनिरहेका छौं त्यो खाली कुनै धर्म ग्रन्थको श्लोकजस्तो मात्रै भयो । हाम्रो जीवन व्यवहारमा कहिल्यै पनि लागू हुन सकिरहेको छैन । आज हामीले वनको क्षेत्र हेर्‍यो भने खैर यो विषयसँग सम्बन्धित छैन तै पनि एउटा मैले उदाहरणमात्रै भनेको । झण्डै ५ वर्षलाई नेपालको बजेट पुग्ने हाम्रो काठजन्य पदार्थहरू वनमा कुँहेर गइरहेको छ भन्ने तथ्यांक आइरहेको हुन्छ । त्यसलाई हामीले सही ढंगले उपयोग गर्न सकिरहेका छैनौं । कृषिप्रधान देश मैले सामान्य हेरेँ, इजरायल र नेपालको । नेपालभन्दा झण्डै सात गुना ठूलो रहेछ । इजरायलको ६० प्रतिशत भूमि मरुभूमि रहेछ । त्यहाँको १.७ प्रतिशत जनतामात्रै कृषि पेशा गर्दा रहेछन् । नेपाल त्यो भन्दा सात गुना ठूलो छ, झण्डै ३१ लाख ९५ हजार ५३७ हेक्टर जमिन कृषि योग्य जमिन रहेछ नेपालको । हामी झण्डै ६२ प्रतिशत नागरिकहरू कृषि पेशा

गर्दा रहेछौं हामीले । तर हाम्रो उत्पादनलाई हेऱ्यौं भने हामीले झण्डै २ खरब रूपैयाँको सामान विदेशबाट निर्यात गर्दा रहेछौं ।

मलाई अघि हेर्दै गर्दा अरु त अरु हामी धनियाँको पातसमेत इन्डियाबाट किनेर खाँदा रहेछौं । अघिल्लो वर्ष जस्तो यो वर्ष पनि दशैंमा मासु सस्तो प्याज महंगो हुनेवाला जस्तो अवस्था देखा परिसक्यो । किनकि इन्डियाले प्याज निर्यातमा रोक लगायो । मूल्य त स्वभाविक रूपले बढ्छ, चाइनाबाट आउने हो । अरु यस्ता वस्तुहरू खुर्सानी जस्ता वस्तुहरू पनि हामी करोडौं रूपैयाँको किनेर खाँदा रहेछौं । यस्तो जुन हाम्रो अवस्था छ, त्यो अवस्थालाई हेर्दा जुन प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी विधेयक आएको छ यो निकै खुसीको कुरा हो । यसले सम्भवत यो कुरालाई व्यवस्थित गर्न सक्दछ । हामी त्यो उत्पादन, यसको उत्पादन वृद्धि गर्ने मात्रै होइन, यो विधेयकको आशय उत्पादन गरिएका वस्तुहरूलाई कसरी बजारीकरण गर्ने भन्ने उद्देश्यमा केन्द्रित छ । बजारीकरण आज महत्वपूर्ण कुरा हो किनकि उत्पादन बिस्तारै बढ्दै आएको छ । हामीले हेऱ्यौं हाम्रा युवाहरू, तिनै युवाहरू हुन् जो यहाँ हामी कृषि पेशा गर्दैनौं, दक्षिण कोरियामा गएर कृषि गर्छौं र त्यहाँको कृषिलाई हामी माथि पुऱ्याइरहेका छौं । इजरायल गएर कृषि गर्छौं । तर विस्तारै त्यहाँबाट फर्केका हाम्रा युवाहरू व्यवसायिकरणतिर र सरकारले पनि सबै तहका सरकारहरूले पनि त्यस्तालाई कृषिलाई जसरी प्राथमिकताको सूचीमा राखिरहेको छ । त्यसमा आकर्षण एकदम बढिरहेको छ । उत्पादित भएको बस्तुको बजार मूल्य छैन । त्यसको लागि हामीले न्यूनतम् समर्थन मूल्यको देखि लिएर बजारीकरणको व्यवस्था गर्नुपर्ने, बजारको ग्यारेन्टी हुनुपर्ने, बिमा क्षतीपूर्तिको व्यवस्था हुनुपर्ने, कृषि व्यवसायलाई सुविधा र सहुलियत यो जहाँ पनि फेरि हामी कहिलेकाहीँ यो सरकारले गरेर या हामी आम कृषकहरूले मात्रै गरेर हुन्छ जस्तो ठान्छौ त्यो होइन रहेछ । संसारभरिका ट्रेनलाई मैले हेरें । काहीनकाही राज्यले कुनै न कुनै सहुलियत नदिइकन राज्यले त्यसमा इन्भल्मेन्ट नभइकन कृषि उत्पादन अगाडि बढेको छैन । त्यसकारण कृषि व्यवसायलाई, यसलाई व्यवस्थित गर्ने र व्यवसायीकरण गर्ने भनेको बजारको व्यवस्था गर्ने कुरा पनि महत्वपूर्ण कुरा रहेछ । किनकि उत्पादन भएका वस्तुले बजार पाइरहेको छैन भने कृषि क्षेत्रको न्यून उत्पादकत्व हाम्रो उत्पादकत्व एकदम न्यून रहेछ ।

हामी जति ठूलो, जति धेरै गरिरहेका छौं आधुनिकीकरण भने पनि आज पनि हामी धेरै नै परम्परागत रूपमा गरिरहेका रहेछौं । त्यसकारणले हाम्रो ज्यादै न्यून उत्पादकत्व रहेछ । र ज्यादै कम प्रतिफल हुन्छ त्यो पनि उत्पादनको प्रतिफल कम आउँछ भन्दा अलिअलि कृषि व्यवसायमा लागेका युवा कृषकहरू या कृषि खेतीका कृषकहरू पनि बिस्तारै पलायन हुँदै जाने दिशातिर गइरहेको अवस्था छ । त्यो अवस्थालाई सम्बोधन गर्ने गरी, हाम्रो प्रदेशको

अवस्थामा हेर्दा पनि कृषि खेती योग्य जमिन झण्डै ४ लाख हेक्टर भन्दा धेरै जमिन रहेछ । झण्डै यसमा हामी कृषि त गरिरहेका रहेछौं । ७६ प्रतिशत भूभागमा कृषि गर्दा रहेछौं । २४ प्रतिशत मात्रै बाँझो रहेछ । त्यो राम्रो कुरा हो तर जम्मा २४ प्रतिशत बाँझो, जम्मा प्रतिशत जमिन बाँझो जम्मा २४ प्रतिशत मात्रै छ । तर हाम्रो उत्पादन छैन भन्या के ? भनेर भन्दा उत्पादकत्व जुन रूपमा हामीले गर्नुपर्ने हो त्यो रूपमा हाम्रो उत्पादकत्व छैन । न्यून उत्पादकत्व भएपछि स्वाभाविक हिसाबले के हुन्छ भने कृषि उत्पादनमा, जो कृषि उत्पादनमा लागिरहेको छ उसले घाटा व्यहोरिरहेको छ । घाटा व्यहोरिरहेर ऊ कृषि पेशामा त रहँदैन ऊ नयाँ पेशामा जान्छ या विदेश पलायन हुने अवस्था हुन्छ । त्यसकारण यो पुरातन तरिकालाई फेरेर हाम्रो बजारको उचित व्यवस्थापन गर्ने उद्देश्यसँग केन्द्रित भएर त्यसलाई कसरी व्यवस्थित गर्ने ? अघि नै मैले भने न्यूनतम समर्थन मूल्य आज हामीले जुन दिन रोप्छौं भने उत्पादन भएको दिन त्यो वस्तुले कति त्यसको मूल्य पाउँछ भन्ने कुरा त्यो किसानलाई थाहा हुन पर्‍यो । अनि उल्ले भोलि बाली भित्र्याउँदै छ भने आज मात्र उसको प्राकृतिक प्रकोपको कारणले सबै ध्वस्त हुन्छ भने फेरि अर्को सिजनमा ऊ कृषिमा जाँदैन । कि पेशा परिवर्तन गर्छ या खाडीको मुलुकमा पलायन हुन्छ । त्यसकारण यसको विमाको ग्यारेन्टी हुनुपर्‍यो । बजारको ग्यारेन्टी, मूल्यको र बजारको ।

किसानले मूल्य लगानी गरेर जुन रूपमा लगानी गर्छ कृषकले त्यो मूल्य पाएन भने पनि ऊ अर्को चोटी फेरि फर्केर कृषि पेशामा जाँदैन । ऊ अरु पेशामा लाग्ला या विदेश पलायन होला । त्यसकारण यो सबै कुरालाई व्यवस्थित गर्ने उद्देश्यका साथ प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी जुन विधेयक आएको छ । यो एकदमै महत्वपूर्ण समयमा आएको छ । यो सही समयमा आएको छ । यद्यपि अझै अगाडि आएको भए अझै राम्रो हुने थियो भन्ने लाग्नु स्वभाविक कुरा हो । तर धेरै कुराहरू मिलाउँदै गर्दा यसलाई व्यवस्थित गरेर संवृद्धिको मुख्य आधार किनकि मैले धेरै पटक भन्दै गर्‍या छु । अरु कुरामा प्रतिष्पर्धा गर्ने, अरु कुरामा आजकै दिनमा हामीले विश्वका अरु ठूल्ठूला राष्ट्रहरूसँग अरु कुराहरूमा प्रतिष्पर्धा गर्ने कुरा भन्दा कृषि क्षेत्र, जे जमिन हामीसँग छ, त्यसमा नै हामीले प्रतिष्पर्धा गर्ने हो । त्यो उत्पादनमा नै हामीले वृद्धि गर्ने हो । हामीले जे कुरा हामीले आज जे आयात गरिरहेका छौं । आयातलाई प्रतिष्थापन गर्ने हो, रोजगारी सिर्जना गर्ने हो र कृषि प्रधान देश र ठूलो क्षेत्र कृषियोज्य जमिन भएको हुनाले हाम्रो कुल ग्राहस्थ उत्पादनमा यसको भूमिकालाई बढाउँदै जाने हो । मैले हेरेँ २७ प्रतिशत कृषि क्षेत्रको र पशुपक्षी क्षेत्रको १२ प्रतिशत गर्दा ३९ प्रतिशत कुल ग्राहस्थ उत्पादनमा यसको भूमिका रहेछ । हाम्रो टोटल बजेटको मुख्य हिस्सा कृषि क्षेत्रलाई बनाउने दिशातिर जाने हो । त्यो दिशातिर जानका लागि यो विधेयक महत्वपूर्ण सावित हुनेछ भन्ने कुरा राख्दछु र यो विवधेयकको पक्षमा आफ्नो मतहरू राख्दै बिदा हुन्छ धन्यवाद । नमस्कार ।

**माननीय सदस्य श्री बिन्दुकुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु ।**

सभामुख महोदय, प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक उपर हामी सैद्धान्तिक रूपमा छलफल गर्दै छौं । विधेयक कृषिलाई आधुनिकीरण, विविधिकरणका साथ व्यवसायीकरण गर्दै उत्पादकत्व अभिवृद्धि गरी स्वस्थ ताजा कृषि उपजको उपलब्धताको, सुनिश्चितताको यो विधेयकले व्यवस्था गर्न खोजको छ । यसले, विधेयकले न्यूनतम मूल्य निर्धारण, कृषि विमा कृषि विमा र अनुदान सहुलियत, कर छुट, नियमन, कसुर तथा सजायको प्रावधानकोसमेत यो विधेयकले उल्लेख गरेको छ । विधेयकमा जग्गा चक्लाबन्दी, करारमा जग्गालाई लिएर कृषि पेशा गर्ने कुराहरू पनि उल्लेख गरेको छ । यलले गर्दाखेरी यो विधेयक प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धि व्यवस्था गर्न बनेको विधेयक केही महत्वपूर्ण विधेयकहरूमध्ये यो पनि एउटा पर्दछ भन्ने मलाई लाग्दछ । यो कोभिड १९ को कारणले गर्दाखेरी यो कृषिमा रोजगारी बढाउने कुरा, आत्मनिर्भर अर्थतन्त्र बनाउने कुराहरूमा पनि यो कोभिड १९ ले अझ यसको आवश्यकताको पुष्टि गरिराखेको छ । विदेशमा हाम्रा धेरै युवायुवतीहरू विदेशमा काम गरेर बसिराख्नुभएको छ । उहाँहरू चाहीँ अब फर्किने स्थिति छ । उनीहरूले पनि केही पूँजी र सीप लिएर फर्किनु हुन्छ र उहाँहरूलाई पनि यो कार्यमा लगाएर एकातिर रोजगारीको अवसरहरू बढाउने र अर्कोतिर आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि पनि यो विधेयक महत्वपूर्ण छ । यसले औचित्य पुष्टि गर्छ भन्ने मलाई लाग्छ । यद्यपि यो कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकले केही समेट्नुपर्ने कुराहरूलाई अल्लि समेटन नसकेको हो कि ? यसलाई अब विधायन समितिमा गएर व्यापक रूपमा छलफल हुनेछ त्यसपछि दफाबार छलफलका लागि पनि यो सम्मानित सभामा आउने नै छ । यसमा केही कमि कमजोरीहरू र सुझावको रूपमा म राख्न चाहन्छु ।

**सभामुख महोदय,** यो कृषि क्षेत्रमा विशेष गरेर विचौलियाको विगविगी अल्ली बढी नै देखिन्छ । अब स्थानीय उत्पादनहरू कुहिएर जाने र बाहिरबाट यो विषाधीसहितको कृषि उपजहरू ल्याएर यहाँ सप्लाई गर्ने अथवा यो बजारीकरणको अभाव र यो विचौलियाको कारणले गर्दा खेरी पनि यो वास्तविक कृषकले मूल्य नपाउने तर विचौलियाहरूले बढी मूल्यमा उपभोक्ता समक्ष पस्किने यो प्रवृत्तिलाई पनि रोक्नको लागि यो विधेयकले अलिकति थप विधेयक योतर्फ पनि आकर्षित हुनुपर्छ भन्ने मलाई लागेको छ । त्यस्तै यो हामीले कृषि व्यवसायको प्रवर्द्धनका कुराहरू, कृषिमा रोजगारीका कुराहरू र युवाहरूलाई विशेष गरेर कृषिमा आकर्षित गर्ने कुराहरू गरिरहँदा खेरी अहिले पनि यो कृषि प्राविधिकहरूको चरम अभाव हामीले धेरै पटक पनि यो सम्मानित सभामा कुराहरू राखिरहेका छौं । अहिले पनि

कृषि प्राविधिकहरूको असाध्यै अभाव देखिइराखेको छ । मुख्यमन्त्री कृषि नमूना गाउँ भनेर जुन हामीले भनेका छौं त्यो ठाउँमा पनि प्राविधिकहरूको अभावको कारणले त्यहाँ हामीले सोचे जस्तो प्रदेश सरकारले सोचे जस्तो त्यो नमूना गाउँलाई हामीले नमूनाकै रूपमा एउटा  मोडल कृषिको गाउँको रूपमा मोडल भिलेजको रूपमा हामीले विकास गर्न सकेका छैनौं । यसकारण यो कृषि प्राविधिकहरूको उचित प्रबन्ध मिलाउनेतर्फ पनि सरकारको ध्यान जानुपर्छ भन्ने मलाई लाग्छ । अर्को कुरा यो कृषिमा हामी अलिकति निर्वाहमूखी मात्रै छौं । यसलाई व्यवसायिकमार्फत आत्मनिर्भर गर्दै निर्यातसमेत गर्न सक्ने खालको व्यवस्था हामीले यो विधेयकले त्यो ल्याउन खोजेको छ त्यसलाई अझ हामीले सपोर्ट गर्ने हिसाबबाट यसलाई निर्वाहमुखीबाट व्यवसायिकरणतर्फ लग्नेतर्फ पनि हामीले अगाडि बढाउनुपर्छ जस्तो मलाई लाग्छ ।

अर्को एउटा कुरा नेपालमा अहिले पनि हामी परम्परागत कृषि पेशामै छौं र कृषि पेशा गर्ने भनेको गरीब, विपन्न एउटा समुदायले मात्रै गर्ने हो । कृषकलाई अलिकति हाम्रो समाजमा अझै पनि हेर्ने अल्ली तल्लो रूपमा हेर्ने अल्ली हेयको दृष्टिले हेर्ने प्रवृत्ति अहिले पनि विद्यमान छ यसलाई हामीले अन्त्य गर्नुपर्छ त्यसकारण अब यो कृषिमा अब यो गरीब, विपन्न अलिकति मैला खालका, फोहोरमैला कपडा लगाउने मान्छे मात्रै कृषिमा समर्पित भएर लाग्नुपर्छ भन्ने एउटा ट्रेनलाई अब हामीले परिवर्तन गर्नु जरुरी छ । सुकिलामुकिला, टाइसुट लगाएका व्यक्तिहरूले पनि व्यवसायिक रूपमा कृषि गर्न सक्छन् भन्ने कुरा अब हामीले देखाउनुपर्ने छ ।

सभामुख महोदय, अब अर्को एउटा तीतो सत्य के छ भने अहिले पनि यो वास्तविक कृषकले सहुलियत अनुदान नपाउने, टाढाबाठाहरूले नक्कली पेपर तयार गरेर यो सहयोग र अनुदान पाउने प्रवृत्ति अहिले पनि हावी नै छ । कृषि ज्ञान केन्द्र स्याङ्जाको मिति २०७७/६/११ को प्रस्ताव आह्वानको सूचना हेरियो । त्यो सूचना अनुसार पनि, त्यो आह्वान पत्र अथवा त्यो सूचनालाई कृषकले त्यसलाई अवलम्बन गरेर त्यसलाई फिलअप गरेर ती सबै कुराहरू जोडेर अगाडि बढाउनी जस्तो मैले देखेको छैन । त्यसकारण जो टाढाबाटा छन् त्यस्ताहरूले मात्रै यो सेवासुविधा पाउने हामीले महसुस गरेका छौं । २८ वटा दफामा विभाजित प्रस्तुत यो विधेयक विषादीरहित कृषि उत्पादनमा जोड तथा अर्गानिक कृषि उपजलाई विशेष प्रोत्साहन र अनुदान सहयोगको नीति भन्ने मैले यो २८ वटै बुँदामा दफामा देखिन । अब हामीले चाहेको त विषादीरहित कृषि उपज हो हामीले चाहेको । किनभने अहिले यो विषादीसहितको खानपानहरूको, हामीले जुन अहिले बजारमा विषदीसहितको कृषि उपजले गर्दाखेरी हामीलाई किड्नी सम्बन्धीको समस्या, मुटुरोग सम्बन्धीको समस्या, क्यान्सरसम्बन्धिका धेरै समस्याहरू देखिइराखेका छन् । त्यसकारण यो

विषादीरहित खेतीपाती गर्ने खालको वातावरण यो विधेयकमा अलिकति त्यो खालको उत्पादक कृषकलाई प्रोत्साहन गर्ने, सहुलियत दिने जस्तो मैले विधेयकमा देखिनँ । त्यसलाई सम्भव भएसम्म सुधार गर्नुपर्छ भन्ने मलाई लाग्छ । अर्को यो विधेयकमा नअटेको कुरा, यसले सुरक्षित रूपमा एउटा आधुनिक बधशालाको निर्माणको परिकल्पना अर्थात वधशालाको मापदण्ड, आधुनिक वधशालाको मापदण्ड के-के हुन् र त्यो वधशालाहहरूको निर्माण गर्नेतर्फ यसले, यो विधेयकले अल्ली सपोर्ट गर्न खोजेको मैले कुनै बुँदाहरूमा पनि देखिन । स्थानीय उत्पादनलाई विशेष गरेर स्थानीय उत्पादनलाई केही प्रतिशत महँगो भए पनि आयातित वस्तुभन्दा स्थानीय उत्पादनलाई सेक्रिफाइ सरकारकोतर्फबाट भएपनि यो उत्पादन, स्थानीय रूपमै उत्पादन भएका बस्तुहरूलाई केही प्रतिशत महंगो भए पनि त्यसलाई बजारमा ल्याउने र त्यसलाई बिक्रीको प्राथमिकताको सूचीमा राख्ने खालको एउटा मापदण्ड तयार गर्नका लागि पनि विधेयकमा यो कुरा पनि समावेश भएर आओस् भन्ने कुराहरू राख्दै मेरो आजको यो भनाइ यही टुग्याउन चाहन्छु । धन्यवाद जय नेपाल ।

**माननीय सदस्य श्री धनमाया पोखरेल लामालाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, प्रदेश कृषि व्यवसाय प्रवर्द्धनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफलको लागि अनुमति चाहन्छु । नेपालको कूल जनसंख्याको ६६.७ प्रतिशत जनसंख्या प्रत्यक्ष कृषि पेशामा आवद्ध छन् र पनि नेपाली हामी खाद्यान्नमा आत्मनिर्भर हुन सकिरहेका छैनौं । जबकी हामी कहाँ कुन जनसंख्याको २ प्रतिशत मात्र जनसंख्या कृषि पेशामा आवद्ध भएर पनि खाद्यान्नमा आत्मनिर्भर रहेको तथ्यांकले बताउँछ । हाम्रो कृषि पेशा र उत्पादन दैनिक रूपमा ओरालो लाग्नुको प्रमुख कारण कृषि पेशालाई परम्परागत शैलीमा अपनाउनु, राज्यको प्राथमिकतामा कृषि पेशा पर्न नसक्नु यो मुख्य समस्याको रूपमा रही आएको पाइन्छ ।

माननीय सभामुख महोदय, प्रदेशको सामाजिक, आर्थिक संवृद्धिका लागि निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक र प्रविधिमैत्री बनाउन आजको विशेष आवश्यकता रहेको छ । गण्डकी प्रदेशमा ७७.६ प्रतिशत जनसंख्या कृषि पेशामा आवद्ध रहेको छ भने जम्मा ३२ प्रसेन्ट जनसंख्यालाई कृषिबाट गुजारा चल्ने देखिन्छ । करिब करिब ८० प्रतिशत अन्य पेशामा आश्रित रहन परेको हामीलाई तथ्यांकले जनाउँछ र यसले के जनाउँछ भने हाम्रो कृषि प्रधान देश हो र हाम्रो प्रदेश पनि कृषिमा आवद्ध रहेर हाम्रो जनजीविकाहरू चल्दै आइरहेको छ भन्नमा यो परस्थितिले हामीलाई त्यति खुलेर भन्न सक्छौं जस्तो मलाई लागिरहेको छैन । सन् २०३० सम्ममा भोकमरीको अन्त्य गर्ने राष्ट्रिय लक्ष्य रहेको छ । जुन

लक्ष्य हासिल गर्न कृषि व्यवसायलाई प्रर्वद्धन गर्न र केही कार्यहरू गर्न आवश्यक देखिन्छ । जुन सुझावको रूपमा म सम्बन्धित मन्त्रालयलाई यहाँ राख्न चाहन्छु :

माननीय सभामुख महोदय, भूमि मैत्री ऐन निर्माण गर्न जुन हाम्रो प्रदेश सरकारले प्रदेशको नीति योजना आयोगको, प्रदेशको नीति कार्यक्रममा पनि समेटेको छ । यसलाई व्यवस्थित गर्नुपर्छ भन्ने मेरो सुझाव रहेको छ । कृषि योग्य जमिनको चक्लाबन्दीलाई तीव्रता दिनुपर्नेमा पनि जोड हुनुपर्छ विधेयकमा भन्ने मेरो सुझाव रहेको छ । किनभने चक्लाबन्दी गर्ने भन्ने थोरै विषयवस्तु मात्रै यहाँ समेटेको छ । यसलाई तीव्रतर रूपमा अगाडि बढाउनुपर्छ भन्ने मलाई लाग्छ । सरकारी जग्गा लिज करारमा बिचौलियाहरूको अन्त्य गर्नुपर्दछ । यसलाई पनि विधेयकले थोरै मात्र छोएको छ, अहिले सम्मको जुन हाम्रो विगत्को क्रियाकलापहरूलाई हेर्ने हो भने जुन सरकारी जग्गा लिजमा दिने र त्यो भित्र पनि बिचौलियाहरूको विगविगीको कारणले गर्दा हाम्रो जुन कृषि जग्गाहरू लिजमा दिने क्रममा पनि थुप्रै खालको अनियमितताहरू भएको महसुस भएको कारणले गर्दा प्रदेश सरकारले यसमा पनि ध्यान दिएर अगाडि बढ्नुपर्छ भन्ने मलाई लाग्छ । बाँझो कृषि जग्गाको व्यवस्थापन गर्न पनि हामीले जुन भलै यो कृषिसँग सम्बन्धित भएको कारणले जमिन अलि फरक हो तर पनि कृषिसँग सम्बन्धित हाम्रो उत्पादन जमिनमा गर्ने भएको कारणले गर्दा हामीले कृषि सँगसँगै जमिनको पनि व्यवस्थापन गर्न सक्यौं भने अझ व्यवस्थित हुन्छ भन्ने मलाई लाग्दछ । कृषि पूर्वाधार निर्माणको कुरा गरिरहँदा सिँचाइलगायत सबै कुराहरू यो विधेयकले बोल्यो र हामीलाई आधुनिक कृषि प्रणालीमा जानका निमित्त सडक सञ्जाल पनि महत्वपूर्ण विषय हो र हामीले कृषि पूर्वाधार निर्माण गरिरहँदा सडक सञ्जाललाई पनि अझ व्यवस्थित गरेर लैजानुपर्छ भन्ने मेरो सुझाव रहेको छ । कृषि व्यवसायलाई विधेयकले सहुलियत ऋण दिने भनेको छ । यसमा मेरो मत के छ भने, कृषि व्यवसायलाई सहुलियत ऋण भन्दा पनि जिरो व्याजदरमा कृषि ऋणको व्यवस्था गरिनुपर्छ । यो हाम्रो प्रारम्भिक चरणमा भएको कारणले हामी परम्परागत कृषि शैलीमा नै रहेको अवस्था र हामीले कृषिबाटै संवृद्धि हासिल गर्ने हो भने अहिले हाम्रो जनतको परिवेश र यहाँको समाजलाई हेर्ने हो भने कृषिलाई हामीले जिरो व्याजदरमा कृषि अनुदानको व्यवस्था गर्न सक्यौं भने अझ व्यवस्थित हुन्छ भन्ने मलाई लाग्छ । कृषि विमालाई विधेयकले सामान्य रूपमा छोएको छ । यसले तोके बमोजिम हुन्छ भनेर भनेको छ । हामीले कानून निर्माण गर्दा नै सबै कुरा कार्यविधि र तोके बमोजिम हुन्छ भनिरहँदा त्यो कानून हामीले सोचेको र अपेक्षा गरेको हुन नसक्ने र सोच अनुसार हुन नसक्ने हुँदा हामीले कृषि विमालाई अनिवार्य गराउनुपर्छ भनेर विधेयकमा राख्न सकियो भने अझै राम्रो हुन्छ भन्ने मेरो सुझाव रहेको छ । कृषि पेशा अहिले एकदमै क्लाइमेट चेन्जको कारणले अतिवृष्टि, बाढिपहिरोको कारणले एकदमै

प्रभावित रहेको अवस्थामा यो कृषि विमा अनिवार्य हुनुपर्छ भनेर राख्नुपर्छ । यसलाई अझ विधेयकबाटै खुलेर बोल्नुपर्छ भन्ने मेरो सुझाव रहेको छ ।

कृषि बजारको स्थापना र व्यवस्थापनका लागि गाउँपालिका र नगरपालिकासम्म हामीले सञ्जाल विस्तार गरिनु पर्दछ । किनकि यो विधेयकले त्यो कुरा बोल्न सकिरहेको छैन । कृषिसँगै उत्पादनको प्रशोधनका लागि उद्योगको स्थापना र सञ्चालनको व्यवस्था विधेयकमा गरिनुपर्दछ । विधेयकमा सरसर्ती हेर्ने हो भने कृषिमा कर लिनेदेखि लिएर, कृषि उत्पादनको संकलन र प्रशोधनको विषयवस्तुलाई पनि अझ प्रष्ट रूपले लैजान सक्यौं भने अझ उपलब्धिमूलक हुन्छ भन्ने मलाई लागेको छ । जुन कोरोना भाइरस संक्रमणको बीचमा पनि हामीले हेर्‍यौं । हाम्रो कृषि उत्पादनहरूलाई व्यवस्थित गर्न नसक्दा साना-साना गाउँमा टुक्रा-टुक्रा रूपमा कृषि गर्ने गाउँमा जुन हाम्रो कृषकहरू हुनुहुन्छ, यो लकडाउनकै अवधिमा मलाई थुपै के लाग्यो भने हाम्रो बजार व्यवस्थापन हुन नसक्दा कृषकहरूले उत्पादन गरेको जुन कृषिजन्य सामग्रीहरू छ त्यो खेर गइरहेको अवस्था छ । अब यसलाई हामीले विधेयक ल्याइरहँदा हामी तीन तहको सरकार छ केन्द्र, संघ र प्रदेश । यो बेला पनि हामीले थोरै रूपमा उत्पादन भएको कृषिजन्य वस्तुहरू छ, हामी भलै त्यसलाई उद्योगको रूपमा र बृहत् हिसाबले, वितरणको हिसाबले र प्रविधिको हिसाबले कृषिलाई हामीले अझ व्यवस्थित गर्न नसकिरहेको अवस्थामा लाग्छ हामीले अब कृषि व्यवसायलाई अझ व्यवस्थित गर्न पर्छ । हामीले उत्पादन गर्ने कृषक र बिचौलिया बीचको जुन समस्या छ त्यो समस्याहरूलाई पनि समाधान गर्ने हिसाबले आगामी दिनमा त्यो गर्नुपर्छ । हामीले गण्डकी प्रदेशलाई कृषिले संवृद्धितर्फ लैजानसक्नुपर्छ भन्ने जुन आँट गण्डकी प्रदेश सरकारले गर्‍यो भने अवश्य पनि हामी संवृद्धि हासिल गर्न सक्ने छौं भन्दै मेरो भनाइ यही अन्त्य गर्दछु हवस् त धन्यवाद ।

**माननीय सदस्य श्री प्रभा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।**

सभामुख महोदय, गण्डकी प्रदेशमा कृषि व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक गण्डकी प्रदेश सभामा भूमि व्यवस्था तथा कृषि मन्त्री, भूमि व्यवस्था तथा सहकारी मन्त्री माननीय लेखबहादुर थापाज्यूले सम्मानित सभामा पेश गरिसक्नु भएको छ । यति बेला स्वदेशमात्र नभइकन विदेशमा रहेका नेपाली दाजुभाइ दिदीबहिनीहरू कोरोनाको त्रासदीमा हुनुहुन्छ भने नेपालका पनि विभिन्न जिल्लाहरूमा कोरोनाका कारण धेरै व्यक्तिहरूको जीवन गइसकेको छ भने कोरोनासँगै बाढी र पहिरोको कारणले पनि धेरै व्यक्तिहरूले आफ्नो जीवन आहुति गरिसक्नुभएको छ । उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त

गर्न चाहन्छु । घाइतेहरूप्रति उपचारका लागि व्यवस्थापनका लागि सरकारसँग अनुरोध गर्न चाहन्छु र परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु ।

**सभामुख महोदय,** गण्डकी प्रदेश कृषि व्यवसाय प्रवर्द्धन गर्न बनेको विधेयकका सम्बन्धमा छलफलका लागि उभिइरहँदा मलाई गौरव लागिरहेको छ । किनभने नेपाल कृषि प्रधान देश हो भनेर हामीले छाती फुलाउँदै गरिरहेको अवस्थामा यतिबेलासम्म कहिले पञ्चायती शासकहरूको शासनसँग हामी लडिरह्यौं, कहिले अस्थिर सरकारसँग हामी आत्तिई रह्यौं । यतिबेला दुई तिहाइको सरकार छ, दुई तिहाइ बहुमतको सरकार भएर पनि के गऱ्यो छ भन्नेहरूका अगाडि पनि हामीले काम गर्दै आइरहेको कुरा पनि र आज हामीले विभिन्न विषयका विधेयकहरूमा छलफल गर्दै जाँदा कृषि व्यवसाय भनेको जन्मेदेखिबाट मर्ने बेलासम्म अति आवश्यक पर्ने वस्तुहरू उत्पादन गर्ने व्यवसाय भएको हुनाले यो व्यवसाय सबैभन्दा महत्वपूर्ण व्यवसाय हुन जान्छ भन्ने मेरो ठम्याई हो । यसरी नै मलाई के भन्न मन लागिरहेको छ भने, विगतका विभिन्न प्रकारका कृषिलाई व्यवस्थित गर्नका लागि, जनजीवनलाई व्यवस्थित गर्नका लागि विविध बेलामा विविध आन्दोलनहरू पनि भइरहेका थिए । मलाई आज सम्झन मन लागिरहेको छ । वि.सं. १८६१ सालदेखि ६२/६३ सालसम्म भएका विर्तावालको विद्रोह, सुब्बा कृष्णलाल अधिकारीको मकैखेती किसान आन्दोलन, योगमायाका वाणी, पेटपर्था उन्मुलन किसान संघ, रौतहटको तमसुक ठटा आन्दोलन, किसान नेता भीमदत्त पन्तको कि त जोत हलो, कि त छोड थलो, होइन भने अब छैन भलो ऐतिहासिक किसान आन्दोलन, पुनर्वास र सुकुम्वासी आन्दोलन, नवलपरासी र रूपन्देही आन्दोलन, झापा आन्दोलन, भकारी फोर आन्दोलन, छिन्ताङ र पिस्तर आन्दोलन, माओवादी जनयुद्ध वा शसस्त्र संघर्ष, मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलन, दलित आन्दोलनलगायतका विभिन्न आन्दोलनहरू कृषि क्रान्तिसँग सम्बन्धित तथा अन्तरसम्बन्धित थिए । कृषि क्रान्तिले मुलुकको राजनीतिक, सामाजिक क्रान्तिहरूको उद्देश्यलाई सम्बोधन गरेको पाइन्छ । कृषि तथा पशुजन्य पदार्थको उत्पादन उल्लेख्य वृद्धिले कृषि क्रान्ति भएको आभाष भएपछि मात्र संवृद्ध नेपाल र सुखी नेपालीको नारा सार्थक गराउन सकिन्छ भन्ने मेरो ठम्याई हो । जग्गा चक्लाबन्दीका विषयहरू, जग्गाको वर्गीकरण गर्ने विषय, सिँचाई तन्तु प्रजनन प्रयोगशाला, प्रशोधन केन्द्र, भण्डार गृह, कृषि बजार चिस्यान केन्द्र, ब्याजमा सहुलियतका कुरासमेटेको छ यो विधेयकले । त्यसकारणले पनि अब कृषिमा केही फड्को मार्न सकिन्छ । कृषि हाम्रो एकदमै राम्रो विषय बन्न सक्छ र हामीले आधार कृषि बनाउन सक्छौं भन्ने मलाई लागिरहेको छ ।

सभामुख महोदय, नेपालको भू उपयोगको अवस्था हेर्दा खेती गरिएको जमिन जम्मा २१ प्रतिशत, खेती नगरिएको जमिन ७ प्रतिशत, वनजंगल रहेको जमिन २९ प्रतिशत, झाँडी

रहेको जमिन १०.६ प्रतिशत, चरन खर्क रहेको जमिन १२ प्रतिशत, पानीले ओगटेको भू भाग २.६ प्रतिशत र अन्य जमिन १७.८ प्रतिशत रहेको छ । हावापानीका दृष्टिकोणले नेपाल एउटा विश्वकै अनुकरणीय देश भनेर चिनिन्छ । किनभने विश्वमा १८ थरिका जलवायुहरू पाइन्छन् भने नेपालमा १६ थरी जलवायु पाइन्छन् । मलाई लाग्छ ती १६ वटै थरी जलवायु गण्डकी प्रदेशमा पाइन्छ भन्ने मेरो अनुभूति छ र केही विज्ञहरूले पनि यो विषयलाई प्रष्टयाउन खोजिरहनु भएको छ । यसकारणले गर्दा खेरी पनि गण्डकी प्रदेशको खेती जन्य जमिन विभिन्न गण्डकी प्रदेशभित्र रहेका जल, जंगल, जमिन, जडिबुँटी, जनावर, जराजुरीहरूलाई व्यवस्थित गरेर जान सकियो भने यो विधेयक कोशेढुंगा सावित हुने मैले महसुस गरेको छु । नेपालमा उच्च हिमाली ठण्डा हावादेखि तराईको उष्णप्रदेशीय हावापानी पाइन्छ । यहाँ सबैभन्दा बढी पानी पर्ने ठाउँ पोखरा हो । यसलाई नेपालको चुरापुञ्जी पनि भनेर भन्ने गरिन्छ । किनकि ३३४५ मिलिलिटर पानी पर्छ र सबैभन्दा कम वर्षा मुस्ताङमा ३०० मिलिलिटर पानी पर्छ । वार्षिक औषत वर्षा १६ सय मिलि लिटर हुन्छ । हजारौं सानाठूला नदीनालाहरू छन् यी नदीनालाहरूबाट वर्षेनी १७ देखि २२५ अर्ब क्युविक मिटर पानी बग्दछ । नेपाल भूमिमा बाह्रै महिना सिञ्चाइ गर्न सकिन्छ । ३५ अर्ब क्युविक मिटर पानी चाहिन्छ । यो विधेयकले यी सबै समस्या हल गर्ने महसुस गरेकी छु ।

सभामुख महोदय, कृषि कर्म गर्ने किसानसँग जमिन छैन । कृषि नजान्ने जमिन्दारहरूसँग जमिन छ त्यसकारणले गर्दाखेरि पनि कृषि व्यवसायले राम्रोसँग महत्व पाउन सकिरहेको छैन । यतातिर पनि ध्यान पुऱ्याउनुपर्छ भन्ने मैले महसुस गरेको छु । शिक्षत र विशेषज्ञता हासिल गरेका युवायुवतीहरूको रोजाइ कृषि क्षेत्र बन्न नसक्नुको कारण पनि यही हो भनेर मैले ठम्याई गरेको छु । सिँचाइ व्यवस्थित गर्न नसक्नु, कृषि विमा गर्न नसक्नु, अनुदान उचित ठाउँमा पुऱ्याउन नसकेका कारण कृषि क्षेत्र रोजाइको पाटोभित्र परेको छैन । यतिबेलक कोभिड १९ का कारण भर पर्ने र विश्वासिलो क्षेत्र कृषि भन्ने सबै जनमानसमा परिरहेको छ । विदेशिएका शक्तिलेसमेत यसलाई महत्व दिएको बेला यो विधेयक आउनु भनेको गण्डकीवासीहरूको चर्किएको घाउमा मलमपट्टी बन्न सकेको छ भन्ने मेरो अनुभूति हो । यसको कार्यान्वयनको पाटो विश्वासिलो र भरपर्दो बनाएर जान यो विधेयक कोशेढुंगासावित हुनेछ भन्ने महसुस गरेको छु ।

**सभामुख महोदय,** कृषिमन्त्री नै यसको अध्यक्ष भएर कार्यान्वयनमा जाने विषयले महत्व राख्दछ भन्ने ठान्दछु । मलाई लाग्छ अघिल्ला हरेक आन्दोलनले, आन्दोलनको सम्बोधन यो विधेयकले पक्कै पनि गरेको छ गर्न सक्छ भन्ने पनि विश्वास लागेको छ । सभामुख महोदय, परिच्छेद २ मा उल्लेखित विभिन्न भनि तोकिएको छ कि १. खाद्यान्न उत्पादन क्षेत्र, बागबानी उत्पादन क्षेत्र, पशु उत्पादन क्षेत्र, निर्यातमुलक कृषि उपज उत्पादन क्षेत्र, अन्य

कृषि उपज भनेर भनिएको छ । कृषि उपजका लागि सहुलियत ब्याजदरका कुराहरू आएका छन् । यी कारणले पनि जनमुखी नीति भनी महसुस गर्ने वातावरणको सिर्जना भएको महसुस मैले गरिरहेको छु । उत्पादनमा आधारित अनुदानलाई प्रोत्साहन गर्ने भनेको मासुजन्य वस्तु व्यवस्थापन, पशुजन्य औषधि, पसल, विषादी व्यवस्थापनका गुणस्तरीयता भएका नभएका विषयहरूलाई अनुगमनका विषयहरू पनि आइरहेका छन् । त्यसकारणले अनुगमनको विषय आइरहँदा खेरी कृषि बिचौलियाहरूको यो विधेयकमार्फत अन्त्य गर्न सकिन्छ भन्ने पनि मैले विश्वास गरेको छु ।

**सभामुख महोदय,** यो विधेयक महत्वपूर्ण हुँदाहुँदै पनि मलाई केही सुझाव राख्न मन लाग्यो । हिमाल, पहाड, तराई मिलेर बनेको गण्डकी प्रदेशवासीमा पहिरो बाढीसँग खेल्ने बानी परेको छ । तापनि अबका दिनहरू, अबका क्षणहरू कत्ति पनि खेर नपाली जग्गाको वर्गीकरण गर्नु अति आवश्यक छ । खेतीयोग्य जमिन, वस्तीयोग्य जमिन, भू उपयोग कार्यान्वयन गर्ने जलवायु परिवर्तन न्यूनीकरण तथा अनूकुलन प्राविधिक तथा वातावरणीय अध्ययनका आधारमा पूर्वाधार निर्माण गर्ने, नदीजन्य पदाथहरूको उत्खनन तथा व्यवस्थापन गर्ने, एकीकृत वस्ती निर्माणमा महत्व दिने, भीरालो जमिन व्यवस्थित गर्नुपर्छ भन्ने मलाई लागिरहेको छ । यिनै विषयहरू राख्दै मलाई के लाग्छ भने सरकारले धेरै काम गरिसकेको छ । सरकारले यति धेरै काम गरेको छ कि त्यो कामको भिडियो नै बनाएर कहिलेकहिले देखाउन पनि पर्छ कि सरकारकोतर्फबाट भन्ने मैले महसुस गरेको छु । त्यसकारणले मलगायत सबैले प्रादेशिक ढंगको चश्मा बनाएर लगाउन सकियो भने सबै क्षेत्र उज्याला देखिन्छन् भन्ने मलाई लागेको छ । यति भन्दै मेरो पार्टी र मेरोतर्फबाट यो विधेयकको पूर्ण समर्थन गर्दै विदा हुन्छु धन्यवाद नमस्कार ।

**माननीय सदस्य श्री दोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।**

**माननीय सभामुखज्यू,** आज हामी प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न विधेयकको सन्दर्भमा हामी छलफलमा जुटिरहेका छौं । यहाँ पूर्व माननीयज्यूले धेरै तथ्यांकसहित आफ्ना विचारहरू राखिसक्नु भएको छ । म यो विधेयकमा छलफलमा उभिँदाखेरि मलाई एउटा सम्झना आको छ । यो भन्दा १०-१५ वर्ष अगाडि जस्तो लाग्छ मलाई । मालपोत कार्यालयले तिरो बढाएको थियो । तनहूँमा ठूलो आन्दोलन भाको थियो । त्यो के आन्दोलन भाको थियो भने, तिरो हटाइदिन पर्‍यो भनेर आन्दोलन भाको थियो । अनि त्यहाँ तिरो हटाउने भनेर आन्दोलनमा त सबै सुकुम्बासी मात्रै रहिछन् । तिरो हटाइदेऊ भन्नीमा । एउटा जग्गा नभएको मान्छले तिरो हटाइदेऊ भनेर भनिरहेको छ त्यो

किन भन्दा पूँजीपतिले तिरो घटाउन आन्दोलन गर्न परो भनिदिनि अनि सुकुम्बासी जग्गै लालपूर्जै नभएकाले कता तिरो घटाउन आन्दोलन गर्नी ? यस्तो खालको परिस्थिति सिर्जना भाको थियो यस्तै खालको हाम्रो अहिलेको यो विधेयकले नि पूँजीपति धनी ठूलाबढालाई सहज हुने वातावरण सिर्जना हुन्छ कि मुख्य एकदम विपन्न र गरिब जोले पाउनुपर्ने हो त्यसले पाउँछ यसमा हामीले आगामी दिनमा यसलाई हामीले सोच्नुपर्ने र हेर्न बाँकी नै छ । त्यसकारणले जसरी आज यो विधेयक आएको छ हामी अघि नै थुप्रै माननीयज्यूहरूले राखिसक्नु भएको छ । हामी कृषिबाट आत्मनिर्भर, कृषिबाट हामीले नेपाललाई कृषि प्रधान देश, हरियो वन नेपालको धन, कृषि प्रधान देश भनेर हामीले पटक-पटक हाम्ले आवाजहरू उठाएका छम् । अघि नै पनि कुरा उठ्यो, किसान संघदेखि लिएर, किसान आन्दोलनदेखि लिएर हरेक कुराहरू उठेको छ । आज ५० औं वर्ष भयो होला कृषिको हाम्ले कुराहरू गर्दै गरेको छ । तर कृषिमा प्रगति कति भयो भन्ने कुराले महत्वपूर्ण राख्छ । त्यसकारणले गर्दाखेरीमा हाम्रो भनाइ र गराइमा अहिलेसम्म फरक छ त्यसकारणले जबसम्म यो विधेयक बनिसकेपछि निश्चय पनि यसले यो विधेयकमा जे उल्लेख भाछ त्यो अनुसारबाट कार्यान्वयनमा जान्छ कि भन्ने आशा जागेको छ । त्यसबाट त्यही अनुसारबाट जाओस् भन्ने मलाई लाग्दछ ।

यो कृषिमा कृषि व्यवसायले दिने सुविधा, सहुलियत दिन सक्नि, पुरै कृषिमा ऋण दिनसक्ने भनिएको छ र अघि नै पनि कुरा उठेको छ । यो अवस्थामा, अहिलेको अवस्थामा भोलि यदि परिवर्तन गर्न पऱ्यो भने पनि विधेयकहरू हामीले संशोधन पनि गर्न सकिएला । तर अहिलेको अवस्थामा हामीले जिरो पोइन्टमा ब्याजमा उपलब्ध गराउने वातावरण सिर्जना गर्न सकियो भने सहज होला जस्तो लाग्छ किनभने, हाम्रा युवाहरू खेतका आलिमा हलो र जुवा फालेर धेरै लामो समयसम्म कृषि पेशाबाट गुजारा नचल्ने भएपछि विदेशमा गए अहिले फेरि विदेशबाट हाम्रा हजारौं-हजारौं युवाहरू यहाँ फर्केर आम्दै छन् । त्यसकारणले गर्दा खेरीमा पनि यो अहिलेको अवस्थाबाट सहज वातावरण बनाउनका लागि पनि जिरो पयटमा ब्याजदरमा उपलब्ध गरायो भने यसले बढो महत्वपूर्ण हुन्छ होला जस्तो लाग्छ । अर्को कुरा जहाँसम्म बिमाको कुरा उठेको छ । हरेक क्षेत्रका बिमाहरूमा बिमा कम्पनीहरूले बिमा गराउन उत्साहित गराउनी दिनी बेलामा अनेक झण्झटिलो कहिले के पुगेन, कहिले यो चिज पुगेन भनेर त्यो जबसम्म बिमा घर पाइने सुविधा हो त्यो जाँदाजाँदै हैरान भएर लिनै नजाने अवस्था सिर्जना भाको छ । यसलाई हामीले भुक्तानी लिन सहज वातावरण सिर्जना गर्नका लागि पनि यसले ठोस अगाडि बढाओस् भन्ने मलाई लाग्दछ ।

अर्को यो जबसम्म यो स्थानीय यो अर्को कुरा, विभिन्न समितिहरूको कुराहरू आएको छ । कृषि मन्त्रीज्यूकै अध्यक्षतामा यो समिति हुने भएको कारणले यसको आफ्नै महत्व छ ।

त्यसमा स्थानीय तहमा पनि स्थानीय तहमा कृषि व्यवसाय प्रवद्धर्न समिति गठन गर्ने भनिएको छ । यसमा मेरो थोरै सुझावहरू मात्रै छ । यसमा जबसम्म हाम्ले प्रदेशमा पनि हामीले त्यसको एउटा वर्गीकरण गऱ्या छौ भने, हामीले एउटा सीमा तोक्या छौं भने स्थानीय तहमा पनि त्यसलाई हुन त स्थानीय तहले आफैंले बनाउँछ भनेको छ तर यसमा पनि संयोजक कसलाई राख्नी ? सदस्यहरूमा पनि यसमा मलाई के थप गर्नलाई मेरो सुझाव छ भने यसमा स्थानीय तहको कृषि क्षेत्र हेर्ने शाखाको पनि यसमा समितिमा राख्न पर्नी र कृषि ज्ञान केन्द्र र भेटनरीलाई सहभागिता उनीहरूको पनि त्यहाँ सहभागिता भयो भने त्यसले २, ३ वटा कुरामा उनीहरूले कृषिबाट हेर्नी, ज्ञान केन्द्रले हेर्ने, भेटनरीले हेर्ने र स्थानीय तहबाट पनि हेर्नी त्यो भयो भने कमसेकम अलिकति पारदर्शी ढंगबाट अगाडि बढ्न सक्छ जस्तो लाग्छ । त्यो भयो भने यो अहिलेसम्म भाका जुन गतिविधि छन् त्यसबाट केही फरक हुन्छ भन्ने लाग्दछ ।

अर्को जुन अनुदानको कुराहरू छ अघि नै पनि थोरै कुराहरू उठे, अब अनुदान अहिले पाउने गरेका टाठाबाठा, कृषि गर्ने कागजको गाई पाल्ने कागजको कृषि गर्ने, मैले अस्ती सुनेको थिए, ६० वटा कि कतिवोटा काउलीका बोटलाई १३ लाख रूपैयाँ अनुदान दियो भन्ने सुनेको थिएँ झण्डै एक वर्ष अगाडि । त्यस्तै खालको अनुदान हो कि, यस्तो सत्य परक अनुदान हो ? त्यसको निम्ति पनि अब हाम्ले एकदम राम्रोसँग अध्ययन गरेर यथार्थ कृषकको हातमा अनुदान पुग्ने वातावरण सिर्जना गर्नुपर्छ भन्ने मलाई लाग्दछ । अर्को कुरा हामीले अब यो खण्ड (ग) मा मल, बिऊदेखि लिएर पानी सिँचाइको कुराहरू पनि यहाँ थुप्रै कुराहरू उठेको छ । निश्चय पनि हाम्रो नेपालको भौगोलिक अवस्था पानी तल छ जमिनहरू माथि छ । त्यसकारणले हामीले विद्युतलाई बढीभन्दा बढी उत्पादन गरेर कमसेकम त्यहाँबाट बिजुलीबाट लिफ्टिङ गरेर पानी तानेर, हामीले लिप्टीङ्ग गरेर, त्यहाँ माटो परीक्षणको कुराहरू पनि आएको छ । त्यसलाई परीक्षण गरेर कुन-कुन ठाउँमा के खेती हुन्छ त्यसको अध्ययन र अनुसन्धान गरेर, माटो परीक्षण गरेर तलबाट थुप्रै नदीहरूबाट पानी लिप्टिङ्ग गरेर तान्नुपर्ने अवस्था ल्याउनुपर्ने हुन्छ । त्यसकारण जुन सिँचाइको कुराहरू आएको छ हाम्रा साना सिँचाई योजनाहरू पनि होलान, तर लिप्टिङ्गबाट पानी तानेर त्यसलाई व्यापक रूपबाट कृषिमा अगाडि बढाउनु पर्छ भन्ने मलाई लाग्दछ ।

अर्को यो निर्देशन समिति पनि भनिएको छ । त्यो निर्देशन समितिको आवश्यकता छ जस्तो मलाई लाग्दैन । किनभने प्रदेशमा स्वयं कृषिमन्त्रीज्यूको अध्यक्षतामा हुनी, स्थानीय तहमा स्थानीय जनप्रतिनिधिकोस्तरबाट समेटिने भएसकेपछि यो फेरि निर्देशक समिति भनेर आवश्यक किन पऱ्यो ? यो मलाई लाग्छ के भने फेरि पनि घुमाइफिराई हरेक विधेयकहरू बन्छन् यो जसरी हुन्छ कार्यकर्तालाई संरक्षण गर्नका निम्ति मात्रै त्यो निर्देशक समिति

बनाउन खोजिएको जस्तो लाग्छ । यसले गर्दा  खेरीमा यसलाई हामीले बढो ख्याल गर्नुपर्दछ भन्ने मलाई लाग्दछ । अर्को यो हाट बजारको कुरा छ यो हाटबजारको ज्यादै महत्व छ । किन भने किसानले उत्पादन गरेको हामीले बाहै महिना यसलाई सञ्चालन गर्न सकियो भने किसानहरूले उत्पादन गरेको तत्कालै बिक्री गर्न सक्ने र उपभोक्ताले सस्तोमा त्यहाँ वस्तु पाउने वातावरण सिर्जना हुन्छ त्यसका निम्ति पनि म आग्रह र अनुरोध गर्न चाहन्छु ।

अर्को जुन क्षतिपूर्तिको कुराहरू छ । क्षतिपूर्तिको यहाँ कहि पनि उल्लेख भएन कि जस्तो लाग्छ । मैले त्यसमा फेला पार्न सकिन कि ? किनभने क्षतिपूर्तिको कुराहरू आयो । अस्ती भर्खर हाम्रो असिना पानीले क्षती बनायो हाम्रै प्रदेशमा हामीले पेश गर्न लागनु भयो तर पाउने अवस्थै छैन । किन पेश गर्न लगाइएको हो त्यो बुझ्केकै छैन त्यसकारणले क्षतिपूर्तिको व्यवस्था पनि होस् भन्न र त्यसमा थप गर्न पर्छ कि कि मैले त्यसलाई फेला पार्न सकिन कि ? मैले आग्रह अनुरोध गर्न चाहेँ । अर्को सरकारी जग्गा लिजको कुरा छ । सरकारी जग्गा लिजको कुरामा के छ भने असाध्यै खतरनाक भनेको भने, गतिला ठूलाबढा माफियाहरूले सरकारी सार्वजनिक जग्गाहरू लिजमा लिने, १० औं वर्ष १५ औं वर्ष खेती गरिसकेपछि मोहियानी हकका रूपमा हामीले चर्चा गरेको, अहिलेसम्म खेती गरेको चर्चेको जग्गा भनेर त्यसलाई दर्ता गर्ने प्रक्रियामा अगाडि लैजाने र तिनै माफियाहरूले जग्गा कब्जा गर्ने वातावरण सिर्जना गर्ने अवस्था हुन्छ र त्यसबारे अझै चनाखो भएर अगाडि बढ्न सकियो भने निश्चय पनि यो जुन विधेयक आएको छ यो विधेयकले जे सम्बोधन गर्नुपर्ने हो त्यो सम्बोधनको दिशातर्फ उन्मुख हुनेछ भन्ने आशाका साथ आफ्नो भनाई यहीँ अन्त्य गर्दछु धन्यवाद जयनेपाल ।

**माननीय सदस्य श्री जुनादेवी नेपालीलाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुखज्यू, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय लेखबहादुर थापामगरले कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक सदन सक्षम ल्याउनु भएको छ । आज म सैद्धान्तिक छलफलमा सहभागी हुने जुन अवसर दिनुभएकोमा सभामुखज्यूप्रति आभार प्रकट गदछु । नेपाल कृषिप्रधान मुलुक हो । यहाँ प्रशस्त जग्गा जमिन जनशक्ति हुँदाहुँदै पनि हामी कृषि उपजहरू विभिन्न देशबाट आयात गरिहेका छौं । गण्डकी प्रदेशको जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित छन् । यहाँ ८६ प्रतिशत घर परिवारको आम्दानीको श्रोत कृषि रहेको छ । कुल खेतीयोग्य जमिनको २४ प्रतिशत जमिन अझै बाँझो रहेको छ । हाम्रो कृषि प्रणाली निर्वाहमुखी र यसमा संलग्न श्रमिकहरूको उत्पादकत्व निकै कम रहँदा यस क्षेत्रबाट श्रम शक्तिको पलायन बढ्दो छ । खाद्यान्नको

उत्पादकत्व पनि न्यून रहेको छ त्यसैले प्रदेश संवृद्धिका लागि निर्वाहमुखी प्रक्रियालाई यान्त्रिकीकरण, व्यावसायिकरण, आधुनिकीकरण, विविधिकरणमार्फत उत्पादकत्व वृद्धि गर्ने र विधि र प्रक्रियामा यस क्षेत्रको विकासलाई यस क्षेत्रको नियमन कृषि उपज स्वास्थ्य र स्वस्थ उपलब्धी, दिगो अर्थतन्त्र निर्माणका लागि यो विधेयक कृषि व्यवसाय प्रवद्धन गर्न प्रभावकारी भूमिका रहनेछ । यसर्थ यो महत्वपूर्ण विधेयकका रूपमा रहेको छ । यसले कृषि उपजको मूल्य निर्धारण, व्यवसायीलाई प्रोत्साहन गर्ने, अनुदानको व्यवस्था, कृषि बजार व्यवस्थापन, स-साना जग्गालाई एकीकृत गर्ने, चक्लाबन्दी गर्ने, व्यवसाय दर्ता गर्ने, पूर्वाधारको विकास, सुविधा र सहुलियत दिने, बिमा सम्बन्धी व्यवस्था बोलेको छ । यसर्थमा महत्वपूर्ण छ । म र मेरो पार्टीकोतर्फबाट पूर्ण समर्थन गर्दछु । र यो विधेयकको सफलताको शुभकामना व्यक्त गर्दछु र सरकारलाई धन्यवाद दिन चाहन्छु ।

कृषिलाई अनुदान उपलब्ध गराउने र उत्पादनमा आधारित अनुदान प्रोत्साहन गर्ने सन्दर्भमा अनुदान विभिन्न देशको अभ्यास हेर्दा सर्टटर्म र लङटर्म अनुदान दिएको पाइन्छ । सर्टटर्ममा औजार, मिल, मल, बिऊ दिने गरेको पाइन्छ भने लङटर्ममा जुन दीर्घकालीन अनुदानमा भौतिक पूर्वाधार, तालिम दिने, क्षमता अभिवृद्धि गराउने, किसानका लागि विमाको कार्यक्रम सञ्चालन गरेको विकसित मुलुकहरूमा दीर्घकालीन अनुदानलाई जोड दिएको पाइन्छ भने नेपालमा यी दुवै मिश्रित गरेको पाइन्छ । र म केही सुझावहरू राख्न गइरहेको छु । अनुदानमा पहुँचवाला उद्यमी, व्यवसायी, पूँजीपतिवालाहरूले मात्र प्राप्त गर्छन् कि आम सर्वसाधारण जनताको पहुँचमा पुग्छ कि पुग्दैन अनुसन्धानको विषय बनाउन आवश्यक देखिन्छ । किनकि कृषि पूर्वाधारसम्बन्धी कार्यक्रम, कृषि क्षेत्रलाई प्रवर्द्धन गर्ने कुराहरू, यो विधेयकले संघसंस्था, सहकारी तथा निकायलाई सहयोग भनी बोलेको छ तर आधारभूत जनता, उत्पीडित, उपेक्षित, दलित, गरीब, विपन्न समुदायको पहुँच कसरी पुग्छ ? अझै पनि यी समुदायको आफ्नो नाममा जग्गाजमिन आफ्नो स्वामित्वमा छैन । जसको धेरै परिश्रम गर्छन् उनीहरूसँग जग्गा जमिन छैन, उनीहरूको जीविकोपार्जनका लागि जीवनस्तर उकास्ने कुरा विधेयकमा आएन कसरी गर्ने ? सो कुरा सोच्न आवश्यक छ । नेपालको संविधानको धारा ४० राज्यले भूमिहिन दलितलाई कानून बमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्नेछ भनेको छ यस्ता कुराहरू धेरै छन् । यो विधेयकले बोलेको छैन । गरीबि निवारणका लागि योजना गरिब केन्द्रित कार्यक्रम बोल्दैन । पछाडि पारिएको समुदायको बारेमा विधेयकले त्यति लाभ पाउने कुराको सुनिश्चिता गरेको पाइन्न । कृषकले उत्पादन गरेका उपजहरूलाई बजार व्यवस्थापन, न्यूनतम समर्थन मूल्य तोकेर मात्रै हुँदैन । सरकारले खरिद गरी वितरण गर्ने जिम्मा लिने कुरा विधेयकले बोल्दैन । अहिले बजार विचौलिया अथवा दलालको हातमा छ । किसानले सही मूल्य पाएका छैनन् । उपभोक्ता महंगोमा कृषि उपज किन्न बाध्य छन् । कृषकले मूल्य प्राप्त गर्ने कुरा इन्स्योर गर्न

आवश्यक देखिन्छ । भण्डारण सन्दर्भमा कृषि उपकरणहरू बजारमा अभाव देखिन्छ । सिजनमा पर्याप्त मात्रमा हुने, अन्यथा नपाइने, जस्तै लिची, सुन्तला आदि उपभोक्तामा प्रयोगमा गर्ने नभए कुहेर जाने, नष्ट भएर खेर भई जाने, गरेको पाउँछौं हामी । त्यस्तै गरी अभावमा प्याज अभाव देखिइरहेको छ । मूल्य बढिरहेको छ । यस्ता कुराहरू भण्डारणमा गोदामघर बनाउने, नभए भाँडामा लिने कुरा कोल्डस्टोर बनाउने, कोल्डस्टोरहरू बनाइरहेको छ सरकारले तर सीमित देखिन्छ र अभाव भएपछि सोच्नुभन्दा पूर्व तयारीका साथ आउन आवश्यक छ । पञ्चायतकालदेखि मलमा किसानले समस्या भोगिरेका छन् । मलमा भण्डारण आवश्यक देखिन्छ । वर्षाले साथ दियो तर मल किसानले पाएनन् । धानको उत्पादन घट्ने कुरा विज्ञहरू भनिरहेको हामी पाइरहेका छौं । यस्ता यावद समस्या छन् । यस्ता कुराको सम्बोधन हुन आवश्यक देखिन्छ । कृषि उपज संकलन केन्द्र उपयुक्त समयमा वितरण गर्ने जिम्मा सरकारको हुन आवश्यक  देखिन्छ । यो विधेकयले त्यति बोलेको छैन ।

प्रदेश कृषि व्यवसाय प्रवर्द्धन समितिमा कृषि व्यवसायको क्षेत्रमा कार्यरत गरिरहेको व्यवसायिक कृषकहरू, कृषि व्यवसायी महिला वा दलित वा जनजातिमध्येबाट मन्त्रालयले मनोनित गरेका कम्तिमा एक महिलासहित तीन जना सदस्य यो संविधानको मर्म र भावना अनुसार समावेशी हुनुपर्छ भन्ने त्यति कुरा खुलेको छैन । हामी आन्तरिक मामिला तथा कानून मन्त्रालयका मन्त्रीज्यूले भनिरहेको सुन्छौं अन्य प्रदेशको कानूनहरूको विधेयकसँग पनि तालमेल गराउनुपर्छ । हामी यस्ता कुराहरू अन्य प्रदेशमा पनि पाइरहन्छौं । यो दलित सम्बन्धी प्रतिनिधित्वका कुराहरू समितिमा प्रतिनिधित्व गर्ने तर हामी गण्डकी प्रदेशमा धेरै विधेयकहरूमा कानूनहरूमा त्यो पाइरहेका छैनौं हामी त्यस्तो कुरामा जान सकिन्छ या अन्य प्रदेशको सिको पनि हामी किन नगर्ने त्यसतर्फ ध्यान जान आवश्यक देख्छु । हाम्रो भान्सालाई पहिलो अस्पतालको रूपमा लिने गरिन्छ । जहाँ कृषिबाट उत्पादित वस्तुहरू प्रयोगमा ल्याउने गरिन्छ । शहरमा बस्ने धेरै मानिसलाई पाल्ने भनेको गाउँको मान्छेले नै हो अझ गाउँमा भन्ने हो भने भन्ने गरेको सुनिन्छ केही गर्न नसके हलि बन्लास्, कृषिलाई हेयको दृष्टिले हेरिनेमा यसलाई सम्मनित गौरवको पेशाका रूपमा हेरिने वातावरण सिर्जना गर्न आवश्यक छ । किनकि उनीहरूले परिश्रम गरेका छन् र त हामी खान पाइरहेका छौं । बाँच्न पाइरहेका छौं । यो कुरा चानेचुने कुरा होइन, ग्रामीण क्षेत्रमा रोजगारी बढाउने, उत्पादन क्षमता बढाई स्वरोजगार हुने भनेको कृषि क्षेत्र नै हो भन्ने अब उनीहरूलाई शहरबाट गाउँमा लैजान सकेको खण्डमा गाउँमा बाँझो रहेको जग्गालाई उत्पादनमा लगाउन सकिन्छ ।

जसरी हाम्रो आवाज बोली भाषणमा कृषि प्राथमिकतमा पर्छ त्यसरी नै मन्त्रीमण्डल गठन, पुनर्गठन हुँदादेखि लिएर मन्त्रालय सबैको शोचाइमा पर्ने गरेमा र त्यतिमात्रै होइन बजेटमा

पनि कृषि क्षेत्रलाई प्राथमिकतामा राख्न आवश्यक देखिन्छ । कृषिलाई उद्योगको रूपमा लगाउन सकिएको छैन, व्यवसाय निर्वाहमुखी छ । अब हामी जीवन निर्वाहमुखी होइन कि आयआर्जन गर्ने युवालाई कृषिप्रति, श्रमप्रति  प्रतिबद्ध गराउने, उत्प्रेरणा दिने, खाडी जानुपर्ने बाध्यताको अन्त्य गर्ने, कृषि क्षेत्रबाट नियमित पारिश्रमिक पाउने अवस्थाको सिर्जना गर्ने, युवाहरूलाई उद्यमशील विकास केन्द्र आवश्यक छ । गोठ सुधार, खोर सुधार, मल, बिऊ सिँचाइ, अनुदान, तालिम आदि कुराहरू उत्पादन गर्न चाहिन्छ । उत्प्रेरणा चाहिन्छ सबै कुराहरू वर्तमान समयमा ठप्प हुँदा कृषि चलायमान छ, यस समयमा मल, किटनाशक औषधि, कीरा फट्याँगा, बाली बिमा आदि पहिरोबाट भएको क्षतिपूर्ति गर्ने कुरा, प्राकृतिक विपत्बाट संरक्षण आवश्यक देखिन्छ । उत्पादनमा आत्मनिर्भर निर्यात गराउने, अग्यानिक खेती, उच्चस्तरीय खाद्य सुरक्षा आवश्यक देखिन्छ यस्ता कुराहरूको परिपूर्ति गर्ने कुरामा ध्यान जान आवश्यक छ । पुनः यो विधेयकको समर्थन गर्दै मेरो भनाइ अन्त्य गर्दछु हवस् त धन्यवाद नमस्कार ।

**माननीय सदस्य श्री दीपक थापामगरलाई छलफलमा भाग लिन समय दिन्छु ।**

सभामुख महोदयजी, आज हामी प्रदेश कृषि व्यवसायी प्रवन्धसम्बन्धी हामी त्यो बनेको विधेयकमा छलफल गरिरहेका छौं । त्यसैले यो छलफलमा जुन विधेयक आएको छ यो हाम्रो गण्डकी प्रदेशको आवश्यकतानुसार र समय सन्दर्भ अनुसार साथै यसलाई हिजोको एउटा यान्त्रिकरण, यथास्थितिवादीबाट हामीले यसलाई रूपान्तरण गर्नको निम्ति र हाम्रो गण्डकी प्रदेशलाई एउटा आत्मर्भिर गर्दै हामी एउटा स्वावलम्भी बनाउनका लागि र एउटा सुखी र संवृद्धि गण्डकी प्रदेश बनेर आएको छ त्यसैले हाम्रो निम्ती यो विधेयकमा मेरो र मेरो पार्टीको पूर्ण समर्थन छ । यसैले मैले यहाँ जुन विधेयकमा आएको धारालाई सबैलाई मैले मोटामोटी अध्ययन गरेँ । त्यसमा अहिलेसम्म विधेयकमा जुन कुरा आएको छ त्यो ठीकै छ । यो जुन कि कार्यान्वयन कसरी जाने ? यसलाई कुन ढंगबाट परिचालित गर्ने भन्ने कुरा मुख्य हुनेछ कि यसरी यो विधेयकहरू आजको दिन मात्र होइन, हिजो पनि जुन त्यो राज्यसत्ता निर्माण हुन्छ र राज्यसत्ता निर्माण भइसकेपछि सबैभन्दा महत्वपूर्ण विधेयक भनेको यो सबै भन्दा महत्वपूर्ण जाति एउटा जुन कि भनेको कृषि नै हो । यसकारणले नेपालमा मात्र होइन कि, सम्पूर्ण संसारमा यो हुन्छ । त्यसैले मैले यही विषयमा व्याख्या नगरिकन केही मलाई लाएको जुन यो हाम्रो विधेयकमा मैले मोटामोटी राख्न चाहेँ ।

हाम्रो यस कृषिप्रधान देश हो यसमा कुनै अछुतो छैन सबैले भनेको छ त्यसकारणले यो नेपाल पनि एउटा कृषिप्रधान देश करिब यो देशमा झण्डै झण्डै ६५-७० प्रतिशत भनिएको छ तर यो तथ्यांक एकुरेट आएको छैन । तर हामी जे होस् त्यति संलग्न त छौं र यो

कृषिप्रधान देश भएको कारणले जुन जनसंख्याको हिसाबले झण्डै ७६ प्रतिशत हिस्सा कृषिमा नै निर्भर रहेको छ । कुल ग्राहर्स्थ उत्पादन कृषि क्षेत्रमा योगदान ३६ प्रतिशत बढी नै रहेको छ । व्यावसायिक खेतीको विकास हुँदै गएको त्यसको अत्यन्तै सुस्त र अनि टुक्रे प्रणाली, निर्वाहमुखी, सामन्ती र परम्परागत कृषिको कारणले हाम्रो देशमा कृषि व्यवसाय भगवान्कै भरोसा छ भन्नुपर्दा केही फरक नपर्ला जस्तो मलाई लाग्छ । जुन यो देशमा मल बिऊ पाउने हो कि होइन ? यो देशमा कुलो छ पानी जाने हो कि होइन ? यो देशमा जुन कतै विषादीहरू हामीले प्रयोग गर्छौं तर खेतीलाई त्यसले नियन्त्रण गरेर किटाणु मार्न सक्ने हो कि होइन ? यसरी नै हाम्रो निमित्त एउटा बडो डरलाग्दो अवस्था आएको छ । यसरी नै भोलिको दिनमा किसानसँग हामीले भन्नसक्ने अवस्था छैन कि । हिजोदेखि आजसम्म पनि न त यो कुनै प्राविधिहरूले भन्नसक्ने छ । न त यो समस्या जुन सेवाकेन्द्रहरूले अथवा मन्त्रालयहरूले अथवा तपाई हामी माननीय अथवा मन्त्रीले भन्न सक्ने अवस्था छ । यो खालको अवस्था यसमा रहेको छ । त्यसैले मैले यसको एउटा जुन विषय राखेँ यसैले कि यो जुन अहिले विगतमा भएका जुन अवस्था थियो त्यसलाई अन्त्य गर्नका निम्ति हामीले यो विधेयक ल्याएका छौं । त्यसैले मैले छोटोमा के राख्न चाहे भनेँ आज हामी जुन कि अहिलेको हिजोको राज्यसत्तामा भएका, हिजो विगतमा भएका कमिकमजोरीहरू, हिजोमा भएका एउटा विषयवस्तुहरूलाई कोट्याए मात्रै हामी सुख पाउनेवाला छैनौं ।

हिजो हामीले सामन्तवादीलाई दोष दिन्थ्यौ, पूँजीवादीलाई दोष दिन्थ्यौँ । हिजो कहीं विगतको सरकारलाई र कहीं प्रविधिलाई दोष दिन्थ्यौं र त्यति मात्रै होइन अस्थिर सरकार बनेको हुनाले कतै सरकार पनि छ-छ महिनामा बन्ने, सरकार फेरियो, मन्त्री फेरियो भनेर दोष दिने अवस्था छैन । कि अझै मलाई यो पनि लाग्छ कि, अब हाम्रो निम्ति नेपाल कम्प्युनिष्ट पार्टीको सरकार जुन कि अहिले हामी दुई तिहाइको सरकार पनि छौं । यसैले हामीले के प्रतिबद्धता जाहेर गरेका थियौं भने जुन वाम एकता हुँदाखेरी हामी स्थिर सरकार बनाउँछौं । जनताको सुखसुविधादेखि लिएर हामीले सबै हल गर्न सक्ने छौं भनेर आएका थियौं त्यसैले यहाँ कसैले दोष दिएर सुख पाउनेवाला छैन । त्यसैले मैले के मात्रै राखे भन्दाखेरी एउटा मलाई यहाँको सबै ठीक छ, मलाई एउटा हिजोको तथ्यांक पाएको थिएँ यो अल्लि ७०/७१ सालतिरको तथ्यांक अनुसार पनि खेतमा नै काम गर्ने ४७ प्रतिशत गरीब किसानहरूको जम्मा जमिन १५ प्रतिशत जमिन छ भने ५ प्रतिशत सामन्त धनी किसानहरूसँग ३७ प्रतिशत जमिन रहेको छ । जो जमिनमा वास्तविक श्रम गर्दछन् । उनीहरूका हातमा जमिन नै छैनन् । जसले जमिनमा काम गर्दैनन् उसको हातमा बढी जमिनहरू रहेको छ ।

माननीय दोबाटे विश्वकर्माले भने जस्तो किसानहरूको आन्दोलन त हुनी त्यसैले आन्दोलनमा कतै फेरि कर घटाइदेऊ भन्नी खालको भएर कतै हुने खानेहरूको मात्र हुन्छ

कि भन्ने मलाई डर लाएको हो । यसमा सजग हुनुपर्ने छ यसकारण मैले यहाँ यसको व्याख्या नगरिकन यसको जुन हामी चक्लाबन्दी व्यवस्था गर्न भनेर आएको छ । त्यसैले मैले यति मात्रै राखेकी चाक्लाबन्दी जमिनमा हामीले यसलाई एउटा ठोस किसिमको निर्णयहरू गरेर, त्यसलाई कसरी व्यवहारिक किसिमले जाने ? के यहाँ त तथ्यांकले त्यही देखियो । जहाँसम्म लाग्छ अहिलेसम्म जुन तथ्यांक दिएको छ सरकारले त्यो हिजोको सरकारले तथ्यांक दिएको छ । त्यो त कही पनि परिवर्तन भएको छैन । त्यसो भएको हुनाले हामीले यदि यो तथ्यांकहरूलाई हामले रूपान्तरण गर्न सकेनौं भने हामी पनि त्यही गतिमा जाने छौं कि हाम्रो कही राम्रो हुन सक्ने अवस्था छैन । अर्को यहाँ तथ्यांक अर्को पनि दिएको छ । हामीले के पनि भनेका छौं भने हामी करिब ३ वर्षमा हामी खाद्यान्नबाट सुरक्षित हुने । नेपाली जनताहरू हामी खाद्यान्नबाट सुरक्षित हुने र ५ वर्षमा हामी प्राइमरी खाद्यान्न प्राप्त गरेर आयआर्जनको निम्ति पनि हामी बाहिर पनि दिनसक्ने हाम्रो एउटा लक्ष्य रहेको छ । यो नेपाल सरकारको पनि लक्ष्य हो, प्रदेश सरकारको मात्र नभएर । त्यसैले यहाँ के पनि राखिएको छ भने तथ्यांकमा । हिमाली भेगमा ४३ प्रतिशत, पहाडी भेगमा ४७.३ र तराई मधेशमा ५८ प्रतिशत जनता खाद्यान्नका हिसाबले असुरक्षित छन् । जमिनको असमान वितरण चरित्र जातिगत र क्षेत्रगत रूपमा पनि स्पष्ट देखिन्न, देख्न सकिन्न । हिमाली भेगका झण्डै ९० र पहाडमा ९७ र तराईमा झण्डै ५४ प्रतिशत दलितहरूलाई खाद्यान्न अपूग रहेको छ । दलित र असुविधाहिन जनजाति, महिला र धर्म, अल्पसंख्यकहरूसँग नगन्य मात्र जमिन रहेको छ र अधिकांश खेती मजदुर एवम सुकुम्बासी यसै समुदायमा रहेको छ । युएनडिपीका अनुसार ९२ प्रतिशत जमिनको स्वामित्व पुरुषसँग रहेको छ भने महिलाहरूसँग जम्मा ८ प्रतिशत जमिन रहेको छ । अब यसले के पनि तथ्यांक पुष्टि गर्छ भने यसले भोलिको दिनमा जुन यो कार्यविधिमा लेखेको उसमा हामीले यसमा त्यसको तारतम्य मिलाउन सकेनौं भने कतै यसको समस्याहरूमा जान सक्ने छ र हामी फेरि त्यही खालको अवस्था हुन्छ कि जस्तो मलाई लागेको छ । त्यसैले यसलाई अहिले जुन कि यसको सबै यहाँ लेखेको कुराहरू अहिले यहाँ चाहीँ धन्यवाद ।

**माननीय सदस्य श्री कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु ।**

**माननीय सभामुख महोदय,** प्रदेश कृषि व्यवसाय प्रवर्द्धनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक सन्दर्भमा म छलफल गर्न गइरहेको छु । यो विधेयक वास्वतमा गण्डकी प्रदेशका लागि धेरै महत्वपूर्ण वियेधक हुनुपर्छ र हो जस्तो मलाई लाग्छ । तर त्यही विधेयकमा हामी यहाँ छलफल गर्न गइरहेका छौं । सम्बन्धित दलका माननीयज्यूहरूको उपस्थितिले हाम्रो कृषिप्रति दृष्टिकोण र हाम्रो कार्यक्रम के छ भन्ने कुरा मेरो अघिको मञ्चले प्रष्ट पार्दछ ।

यसकारण मैले एउटा नैतिक प्रश्न पनि हामीसँग छ कि ? गण्डकी प्रदेशको ३१ प्रतिशत हाम्रो यहाँ बहुमत संख्या नहुँदा हामीले त्यो कार्यक्रमलाई अगाडि बढाउन मिल्छ कि मिल्दैन यो एउटा प्रश्न पनि बनेको छ ।

**आदरणीय माननीयज्यूहरू,** सभामुख महोदयज्यू, वास्तवमा हामी हाम्रो देश धेरै पछाडि पर्नुको कारण के हो त भने, पालो गरी गरी सत्तामा बस्ने अनि सत्तामा बसिसकेपछि आम र विशेष गरेर ठूलो संख्या ओगटेको किसानको विषयमा कार्यक्रम पनि नल्याउने, बोल्दा पनि नबोल्ने, त्यो भएर नै हामी यो गतिमा आएका छौं । मैले बाहिर-बाहिर सुन्या थिएँ । अहिलेको पनि हाम्रो देशलाई एकदम स्वीजरल्याण्ड जस्तो बनाउनका लागि गाँजा खेती गर्ने अनि अर्को के को ब्राण्ड गर्नी र लोगो लगाएर बेचेर सकिन्छ नौलो नेपाल बनाउने भनेर भनेको मैले सुनेँ । यहाँ त्यस्तै त मैले सुनिन, उहाँले भन्न डराएर हो, भन्न खोजेको त्यही हो भाँगो खेती गरे हामीले हाम्रो कृषिलाई प्रवद्धन गर्नुपर्दछ भनेर पनि यहाँ भनेको सुनियो । यसकारण मलाई लाग्छ यो विधेयकले त्यस विषयमा बोल्यो कि बोलेन भनेर मैले यसो सैद्धान्तिक रूपमा हेरेँ । बोलेको रहेनछ, ठीकै गऱ्यो जस्तो मलाई लाग्छ । मैले दुईटा मात्र त्यस्ता दृष्टान्त बताउन चाहन्छु । अहिलेको युरोकपमा सबभन्दा बढी गोल गर्ने एउटा गेमको एउटा स्टार खेलाडीले पुरस्कार पाएन, लिएन । किन लिएन भनेर मैले हेरेको त्यो गेममा एउटा टुबोर्कको स्पोन्सर रहेछ के त्यहाँ । अनि त्यो खेलाडी त्यो के रहेछ कम्तिमा पनि १८ वर्ष काटेको हुनुपर्ने रहेछ । १८ वर्ष नकाटेको हुँदा मुनि भएको कारणले गर्दा त्यो ले पुरस्कार लिएन । कुनै पनि लागू पदार्थ, दुर्व्यसनसम्बन्धी त्यति स्ट्रिक मान्छेहरूको सोचाई रह्यो । अर्कोतिर हामीले हेऱ्यौं । चीनमा अमेरिकी साम्राज्यवादले चीनिया जनताको सबभन्दा नसिव के ले भरिया थियो गाजा र अफिमले भरिया थियो । पछि कम्युनिष्ट पार्टीले गाँजा र अफिमलाई नियन्त्रण गर्नका लागि लामो समयसम्म प्रशिक्षण र चेतना दिनुपरेको थियो । जसको परिणाम गाजाको कारणले अफिमको कारणले गुमेको चेतना फर्काउन ठूलो समय त्यहाँको कम्युनिष्ट पार्टीलाई लागेको थियो । यसकारण हामीले अहिले पनि समाजमा ठाउँमा देख्छौँ प्रत्येक घरमा आज अलकोहलिक मान्छे छन् । आज प्रत्येक टोलमा गाजाँ पोको पार्दै दन्काउँदै खाँदै छन् । मैले सदनमा बोले पनि, मेरो घरको अगाडि म बस्ने घरको अगाडि ठूलो समूह छ । त्यसलाई नियन्त्रण हुन्छ कि भनेर मैले बोलेँ । त्यो नियन्त्रण हुने पनि होइन, मेरो जवाफ पनि आएन । त्यसकारण आज हाम्रो देश यसरी अगाडि बढ्दै छ यसकारण मलाई लाग्छ यो विषयमा यो विधेयकले सम्बोधन गरेको रहेन्छ । त्यसकारण मैले यसलाई समर्थन गर्न चाहन्छु ।

मैले केही सैद्धान्तिक सवालहरू उठाउन चाहन्छु । सैद्धान्तिक सबालमा सबभन्दा पहिला बढी मैले के उठाउन चाहन्छु त भने यो कृषिहरूको केही ग्रुपहरू बनाएको रहेछ । खाद्यान्न

ग्रुप अनि त्यस्तै-त्यस्तै के-के ग्रुपहरू बनाएको रहेछ । त्यो करिब धारा ३ मा व्यवस्था भएको छ । मलाई लाग्छ एउटा त्यहाँ समावेश गर्नुपर्छ जस्तो मलाई लाग्छ, त्यो के हो भने, बिऊ उत्पादन क्षेत्र भन्ने कुरा समावेश गर्नुपर्छ । हामीले अहिले बन्दाको डल्ला बेचेर संवृद्धि आउने सम्भावना कम हुन्छ, आज विश्वका कतिपय देशहरूले बिउलाई हाइव्रिडमा नियन्त्रण गरेर के गरेका छन् हरेक ठाउँका किसानहरूलाई नियन्त्रण गरिरहेको छ । त्यसले वास्तवमा आफ्नो देशलाई संवृद्धि बनाउने काम गरया छन् । त्यसकारण हामीले यो एउटा विऊ उत्पादन क्षेत्र एउटा कायम गरौ र त्यो छुटेको छ मलाई लाग्छ यो धेरै आवश्यक बस्तु हो, जीन हो कृषिको एउटा मूल शाखा पनि हो जस्तो लाग्छ । हामीले ब्राण्ड बेचेर प्रदेशलाई संवृद्ध बनाउन सक्छौं । त्यसकारण यो छुटेको छ जस्तो मलाई लाग्छ ।

अर्कोतिर यो कानून सन्दर्भमा करिब-करिब हामी पौराणिक तीर नै गएका छौं । हामीले नयाँ व्यवस्था, यहाँ केही गरेनौं जस्तो मलाई लाग्छ । जस्तै जग्गा लिज  सम्बन्धमा सरकारी जग्गाको लिज हामीले लिने तर सेवा सर्तहरू के राख्ने ? भन्ने कुराहरूमा यहाँ के भनिएको छ भने ऐन, कानून अनुसार हुनेछ भनेर भनिएको छ । तर अहिले हामीले कृषिलाई व्यासायिक बनाउँदा खेरी मैले मसँग धेरै कुराहरू ती चिजहरू आएको देखिन्छ । गाउँमा बस्ने एउटा किसान छ, शहरमा अथवा जहाँ राम्रो किसिमको प्रवर्द्धन हुन्छ । त्यहाँ एउटा ठाउँमा उसले कृषि गर्न चाहन्छ । पियोर आफ्नो जग्गा छैन अनि बजारमा बसेको धनी, किसानको धनी, मान्छेहरूको धनी ल्याउनु पर्ने हुन्छ । जब उसले त्यसमा खेती गर्छ अनि खेती गरिसकेपछि उसले त्यहाँ काम गर्छ । सरकारी सेवा सुविधा ल्याउनका लागि ऊ बञ्चित हुँदोरहेछ । साहुँले दिँदैन अनि नदिइसकेपछि के छ त भने उसले १० वर्षलाई लिजमा लिएको हुन्छ । तर त्यसले अनुदानसम्म पाउँदैन । यसकारण यो कुरालाई फराकिलो बनाउनुपर्छ । कानूनी रूपमा सम्बोधन गरिनुपर्छ । कानूनी रूपमा त्यस्तो किसानहरू छ भने, उसको सम्बन्धित ठाउँको जोलाई राखेर भए पनि त्यो व्यवसायिक नै हो, किसान नै हो भने किन नदिने ? यो विषयमा पनि कानून बोल्नुपर्छ जस्तो मलाई लाग्छ । अर्कोतिर कानूनमा यहाँ के लेखियो भने केही समस्या आयो भने कृषि कार्यालय र पशु कार्यालयको टिमले हामीले पहिलो चरणको मुद्दा टुङ्ग्याउने हेर्ने भन्याछ यो कानूनी रूपबाट मिल्ने कुरा हो जस्तो मलाई लाग्दैन । त्यसकारण यो ऐन सम्बद्ध हुनुपर्छ कुनै पनि कार्यालयको प्रमुखलाई हामीले न्यायाधीश बनाउन खोजियो भने त त्यो कृषि कार्यालयको हाकिम, कृषि कार्यालयको प्राविधिक जस्तो हुन सक्दैन त्यो त न्यायाधीश जस्तो हुन सक्छ । त्यो सँगै आग्रह पूर्वाग्रह पनि आउन सक्छ । यसले गर्दाखेरी त्यो पाटो जोड्नु हुँदैन जस्तो मलाई लाग्छ । अर्को कुरा यो पूर्वाधार सम्बन्धमा पनि एउटा व्यवस्था गरिएको रहेछ । त्यो व्यवस्था वास्तवमा मन्त्रालयले गर्नेछ भनेर यो विधेयकले त्यतै मन्त्रालयतिर फर्काएको रहेछ । त्यसकारण मन्त्रालयले त्यसरी फर्काउनु हुँदैन । हामीले यहाँ व्यवस्था गर्नुपर्छ । त्यसको

मेकानिजमहरू के हो त्यो व्यवस्था भएन भने हामीले हाम्रो विधेयकलाई पूर्णता दिन सक्दैनौं । त्यसकारण यो विषयमा पनि ध्यान दिन आवश्यक छ र अन्तिममा मैले सबैभन्दा बढी जोडदार साथ उठाउन खोजेको कुरा के हो त भने, हामीले यदि कृषिमा आमूल परिवर्तन ल्याउन खोजेका हौं, हामीले भनेकै हो । हामीले हाम्रो समाजलाई परिवर्तन गर्नका लागि शिक्षामा जनवादी शिक्षा भन्यौं, समाज परिवर्तनका लागि जनवाद, समाजवाद र साम्यवाद भन्यौं । तर हामीले वास्तवमा जनवादमुखी साम्यवादमुखी र समाजवादीमुखी नीति र कार्यक्रमहरू ल्याउन सकेनौं भने कुनै पनि हालतमा हामी त्यो ठाउँमा पुग्न सक्दैनौं । त्यसकारण मैले के भन्न चाहन्छु त भने हाम्रो कार्यक्रम त्यतातिर केन्द्रित छ कि छैन ? आज धेरै जग्गा जमिन कसको नाममा छ ? सामन्तको नाममा छ । धनी मान्छेको नाममा छ तर गरिब मान्छेको नाममा त छैन नि ?तर आज हामीले समानताको सिद्धान्त यति अपनाउने हो भने हदबन्द कायम गरेर ठूलो जग्गाजमिन ओगटेका सामन्तहरूको जग्गाजमिन किसानहरूलाई वितरण गर्नुपर्छ पहिला । वितरण गरिसकेपछि हामीले कृषिमा परिवर्तन ल्याउने हो भने दुई तीनटा कुरा गर्नुपर्ने आवश्यकता छ । पहिलो कुरा दक्ष प्राविधिकको व्यवस्थापन गर्ने कुरा हुनुपर्‍यो यदि हामीले दक्ष प्राविधिकको व्यवस्था गर्न सक्दैनौ भने वास्तवमा कृषिमा परिवर्तन गर्न सक्दैनौं । व्यवसायमा परिवर्तन गर्न सक्दैनौं ।

आज हाम्रो नेपालको स्थिति यो हो भने बीएससी एजी उत्पादन गर्ने रामपुर क्याम्पसमा आज भन्दा ४ वर्ष पहिला मैले त्यहाँको तथ्यांक हेरेको थिएँ । त्यहाँ एक हजार बीएससीवाला उत्पादन हुनुभएको रहेछ अहिलेसम्म । तर उनीहरू नेपालमा कति बसेको छन् भनेर हेर्दा खेरी जम्मा १०-१५ प्रसेन्ट मात्रै उत्पादित मान्छेहरू नेपालमा बसेका रहेछन् । सबै विदेशतिर पलाएन भएका रहेछन् त्यसकारण कुरा के हो त भने दक्ष प्राविधिकको व्यवस्था गर्न आवश्यक छ । अर्को कुरा नेपाल एउटा अत्यन्तै वातावरणीय मूलुक हो । यहाँ कस्तो किसिमको हावापानी छ, कुन ठाउँमा कस्तो किसिमको खेती हुन्छ त्यसको एउटा पहिचान गरेर हामीले कृषिका कार्यक्रमहरू अगाडि बढाउन सक्यौं भने कृषिमा परिवर्तन ल्याउन सक्छौं नत्र यो विधेयकले छुट्याएको बजेट तिनै तिनै टाठाबाठा जानेका भनाउँदा खाले जस्ता अल्ली तह परे आफ्नै पकेटका मान्छेले पाउँछन् । त्यो प्रवर्द्धन होला तर उत्पीडित जनताको जीवनमा प्रवर्द्धन हुन सक्दैन त्यसकारणले यो उद्देश्यले अल्लि बढी बोलोस् यो कुरा राख्दै म आफ्नो भनाइ टुङ्गाउँछु धन्यवाद ।

**माननीय सदस्यहरू अब म माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री लेखबहादुर थापामगरलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।**

**माननीय सभामुख महोदय,** गण्डकी प्रदेशको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७७ माथि सैद्धान्तिक छलफल भइरहेको छ । यो सैद्धान्तिक छलफलमा ८ जना माननीयज्यूहरूबाट विधेयकलाई परिस्कृत, परिमार्जित गर्न आवश्यक सिद्धान्तहरू प्रस्तुत गर्नुभएको छ । प्रथमत म उहाँहरूप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु । यो विधेयक २८ दफामा तयार गरिएको छ । सरसर्ती पढ्दा एक घण्टा करिबमा सकिन्छ । छलफल बहस गर्दा करिब ३ घण्टामा सकिन्छ होला । तर हाम्रो मन्त्रालयका लागि यो विधेयक धेरै महत्वपूर्ण वस्तुवादी र व्यवहारिक र अहिलेको समय सापेक्षताका हिसाबले आवश्यक महसुस गरिएको छ । त्यसकारणले हामीले यो विधेयकलाई यहाँ प्रस्तुत गरिएको छ । यो विधेयकको बारेमा क्याविनेटमा पनि करिब ३ घण्टाजति लामो छलफल र परिमार्जन गरेर यसलाई परिस्कृत गरिएको छ । यसैले यो विधेकयको संक्षेपमै नामले नै व्यक्त गर्छ कृषि व्यवसाय प्रवर्द्धन । कृषि व्यवसायलाई कसरी प्रवर्द्धन गर्ने भन्ने यसको सार तत्व हो । यसको लागि आवश्यक अवयवहरू सबै विषयहरूलाई दफावार रूपमा उल्लेख गर्न कोसिस गरिएको छ । गण्डकी प्रदेशमा कृषि व्यवसाय प्रवर्द्धनका कार्यक्रमहरू, कृषि बजार, व्यवसायिक कृषिको करार, अनुदान तथा नियमनसम्बन्धी व्यवस्थाहरूको निश्चित मापदण्ड, विधि र प्रक्रिया अन्तर्गत एकरूपता कायम गर्दै कृषि व्यवसायलाई सहज, सरल, प्रभावकारी, पारदर्शी र व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि यस विधेयक प्रदेशसम्ममा समावेश गरिएको हो मैले अघिनै प्रस्तुत गरिसकेको छु । यसका साथै ऐनको उद्देश्यमा सुझावका प्रस्तावका सम्बन्धमा पनि थप हामीले प्रष्ट पारिरहेका छौं ।

मुख्य गरी तोकिए बमोजिम भन्ने विषयहरू यहाँ केही राखिएको छ । हामीले प्रदेश सरकारबाट त्यहाँ पेश गरेर पास हुने गरी नियममा तोकिने गरी व्यवस्था गर्न खोजेका छौं । ऐनमा व्यवस्था भएका परिस्कृत रूपहरूमा नियममा उल्लेख गर्नुपर्ने भएकाले पनि तोकिए बमोजिमको जुन व्यवस्था राख्न परेको हो । प्रचलित कानून बमोजिम दर्ता भएका व्यवसायहरू सूचीकृत भएको खण्डमा नियमन तथा तथ्याङ्क राख्न सहज हुने भएकाले हामीले व्यवसाय दर्ता गर्न आवश्यक छ भनेर व्यवस्था गरेका छौं । कृषि पूर्वाधारसम्बन्धी कार्यक्रमहरू बजेट अनुसार फरक-फरक हुने भएकाले मन्त्रालयले नै तोक्न सहज हुने भएकाले पूर्वाधारसम्बन्धी कार्यक्रम पनि हामीले यहाँ राखेका छौं । करार तथा लिज करार सम्बन्धी प्रचलित कानूनले मूलतः मूलुकी देवानी संहिताको २०७४ को व्यस्थालाई जनाउने छ, जनाएको छ । यसलाई हामीले हाम्रो सन्दर्भमा केही प्रतिबद्धता जनाउन कोसिस गरेका हौं । माननीयज्यूहरूले उठाउनु भएका केही विषयवस्तुहरू छन् । ती हामीले मुख्य गरी यो विधेयक कृषि उत्पादनका लागि विविधिकरण गर्ने, व्यवसायीकरण गर्ने, कृषि उपजको प्रशोधन र बजारीकरण गर्ने त्यसको मुख्य उद्देश्य मैले अघि नै बताइसकेको छु । आयातको प्रतिस्पथापन गर्न, रोजगारी र स्वरोजगारी एउटा रोजगार प्रदान गर्ने र अर्को आफैं

स्वरोजगार बन्ने, त्यसको सृष्टि गर्ने र कृषि क्षेत्रबाट कुल ग्राहस्थ उत्पादनमा सहयोग गर्ने राज्यलाई सरकारलाई यसको अर्को महत्व छ ।

माननीयज्यूहरूले उठाउनु भएको प्रश्नमा म छोटोमा भन्न चाहन्छु, कृषि बिमा हामीले दफा ८ मा भनेका छौं । कृषि विमाले के गर्न सक्छ भने विभिन्न प्रकारका बाली बस्तुहरू, पशुधनहरूको क्षती भएको अवस्थामा कृषि विमाले सहयोग गर्ने भएको हुनाले हामीले कृषि विमालाई व्यवस्थित ढंगले अगाडि बढाउन कोसिस गरेका छौं । हामीले कार्यक्रम राखेका छौं कि सरकारको ७५ प्रतिशत र कृषकको २५ प्रतिशत गरी हन्ड्रेड प्रतिशत बिमा गर्ने वालीवस्तुहरूमा भनेर हामीले कार्यक्रम अगाडि ल्याइसकेका छौं । त्यसलाई पनि हामीले ऐनमा व्यवस्था गरेर जाऊ न भनेर जाने ढंगले हामीले त्यो दफालाई उदद्देश्यमा प्रस्तुत गरेका छौं ।

यहाँले राख्नु भएको छ बिचौलियाको नियन्त्रण गर्ने कुरा । दफा १३ मा विचौलियाको बारेमा बोलेको छ । तर बिचौलिया भन्ने शब्द राख्ने कि नराख्ने भनेर धेरै छलफल पनि, बहस पनि भयो । अब नकारात्मक शब्दहरू ठ्याक्कै नराखौं भनेर हामीले बिचौलिया भन्ने शब्द हामीले त्यहाँ राखेनौं । तर हामीले के भनेका छौं दफा १३ मा भने, अस्वभाविक मिलेमतो, कृषक र उपभोक्ताको हित विपरित हुने कार्यहरू गराउन नहुने, मूल्यमा मूल्यांकन गर्न नहुने भन्ने यहाँ संकेत गरिएको छ । त्यो बिचौलियामाथि गरिएको संकेत हो । हामीले अर्को के गर्न खोजेका छौं भने जमिन लिज करारमा लिन सक्ने, व्यवसायिक उत्पादानहरू त्यसको पनि करार गर्न सकिने । जस्तो मानौं १०० बोट सुन्तला छ भने व्यवसायीहरूले एउटा बोटलाई मानौं एक हजार भनेर एक लाख भन्दा बढी भन्न पायो । कसैले एकलाख १० देला कसैले डेढ लाख देला, कसैले दुई देखा यसरी व्यवसायीलाई लाभ हुने किमिमले आफ्नो व्यवसायको पनि लिज गर्न सकिने । जमिन नहुने तर कृषि पेशामा आवद्ध हुन्छु भन्ने कृषकहरूले जमिन हुनेहरूको जग्गा भाडामा लिन सकिने जसलाई हामी लिज करार भन्छौं । त्यो गर्न सकिने गरी व्यवस्था गर्ने कोसिस गरेका छौं । त्यो सम्बन्धमा मुलुकीसंहिताले पनि यो करार लीजसम्बन्धी व्यवस्था मुलुकी संहिताले पनि बोलिराखेको छ ।

अर्को के छ भने हामीले अनुदानलाई आकर्षित गर्नका निम्ति दफा १९ ले हामीले यो २६, २७ को निर्देशिका निर्माण गर्न सकिने पनि व्यवस्था गरेका छौं किनभने मन्त्रालयले धेरै जसो हामीलाई थाहाछ, हामीले कार्यविधि निर्माण गर्छौं, निर्देशिका निर्माण गर्छौं, कार्यविधि निर्माण गर्छौं, मापदण्ड निर्माण गर्छौं त्यो विषयलाई हामीले ऐनमै व्यवस्था गर्न सक्यौं भने सही हुन्छ भन्ने उद्देश्यले हामीले यो ऐन निर्माण गरिसकेपछि विधेयकलाई ऐनमा रूपान्तरण गरिसकेपछि, नियमलाई नियमावलीमा लगिसकेपछि यो सम्बन्धित निर्देशिकाहरू, कार्यविधि मापदण्डहरू निर्माण गरिएपछि यो ऐनकै एउटा खण्डको रूपमा अगाडि आउने छ । त्यसैले

हामीले अनुदानलाई व्यवस्थित गर्नका निम्ति त्यो कार्यक्रम बीचमा त्यो दफा उल्लेख भएको छ । माननीयहरूले कुरा उठाउनु भएको छ भूमि बैंकको कुरा, जग्गा वर्गीकरण गर्ने कुरा, भूमिहिनलाई जग्गा दिने कुरा, यो कुरा यो विधेयकमा आउन नमिल्ने रहेछ । यो विधेयकमा विशुद्ध कृषि व्यवसायसँग सम्बन्धित भएको हुनाले हामीले चक्लाबन्दीको कुरा त्यहाँ ल्याएका हौं ।

हाम्रो चक्लाबन्दी भनेको घर घडेरी निर्माण गर्न होइन, हामीले १० वर्ष न्यूनतम उत्पादनमा सहभागी हुन व्यवसायीहरू भन्ने उद्देश्यले गराउन खोजेका छौं त्यो पनि हामीले चक्लाबन्दीको व्यवसायसँग सम्बन्धित भएको हुनाले यहाँ ल्याएका हौं । त्यो विरुद्ध कृषि उत्पादनसँग सम्बन्धित छ । तर यो भूमि बैंक, जग्गा वर्गीकरण, भूमिहिन जस्ता विषय हामी एकीकृत भूमि विधेकय तयार गर्दै छौं त्यो विधेयकमा आउने छ त्यसको पनि हामी प्रारम्भिक खाकाहरू, ड्राफ्टहरू तयार गरिसकेका छौं । हामीले एकीकृत भूमि विधेयकमा त्यो विषय ल्याउने छौं यो सबै विषय त्यही पर्छन् । भूमि बैंकको बारेमा भूमि व्यवस्था कार्यालयले पनि यसमा केही गर्दैछ । त्यो पनि हामीलाई रिफरेन्स हुनेछ । त्यो आउपछि हामीले विधेयकमा पेश गर्नेछौं भन्ने प्रतिबद्धता व्यक्त गर्दछु । अब हाम्रो मन्त्रालयको लागि एउटा महत्वपूर्ण विधेयक एकीकृत भूमि विधेयक महत्वपूर्ण हुनेछ । हामी त्यतातर्फ पनि ओरियन्टेसन भइरहेका छौं । विधेयकले यो ठूला व्यवसायीलाई मात्र सहयोग गर्छ कि भन्ने आशंका छ हामी ठूला व्यवसायीलाई पनि समेट्नु पर्ला तर ठूला व्ययसायीलाई हामी ऋणमा सहुलियत दिने त्यताबाट ओरियन्टेशन गरिरहेका छौं । जस्तै हामीले अहिले ५० लाखसम्म ऋण कृषि ऋण लिने व्यवसायीहरूलाई जसरी पेशामा आवद्ध भइरहेका छन् । त्यसको हामी ५ प्रतिशत ब्याजमा अनुदान दिने भनेर कार्यविधि बनाएको छ । एकीकृत कार्यविधि सोही अनुरूप हामीले अगाडि बढाइरहेका छौं । सानालाई अनुदान, साना व्यवसायीर्ला हामीले अनुदान सहयोग कार्यक्रम राखिरहेका छौं । त्यो हाम्रो सानो व्यवसायीलाई पनि सपोर्ट गर्ने कार्यक्रम हामीले अगाडि बढाइरहेको अवस्था छ ।

स्थानीय तहमा समितिको जो विषय उठाउनु भएको छ । स्थानीय तहको शाखा महाशाखाको त्यहाँको प्रमुख, ज्ञान केन्द्र, विज्ञ केन्द्रको प्रमुखहरू पनि हुनुपर्छ कि भन्नुभएको छ यो बारेमा ज्ञान केन्द्र, विज्ञ केन्द्रको प्रमुख हाम्रो मन्त्रालय मातहतको कार्यालय भयो । निकाय भयो त्यसकारणले स्थानीयलाई त्यहाँ राख भनेर हामीले अनिवार्य गर्न सकेनौं र त्यो हुन्न पनि । त्यहाँ बन्ने समिति स्थानीय तहले नै व्यवस्था गरे बमोजिम हुने गरी हामीले व्यवस्था गरेका छौं । त्यहाँ हामीले यो बनाऔ भनेर विधेयकमा त्यति धेरै उल्लेख नहोला तर हामीले व्यवसायिक कृषि प्रवद्धन समिति निमार्ण गर्न हामीले बाटो खोलिदिएका हौं । जसले स्थानीय तहमा आफ्नो उत्पादन सेक्टरमा बढी भन्दा बढी भूमिका निर्वाह होस् भन्ने

उद्देश्यले त्यसो गर्न खोजिएको हो । जहाँसम्म भण्डार गृह, कोल्डस्टोरको कुराहरू छन्, दफा ५ मा त्यो व्यवस्था गरिएको छ । कृषि उपजहरूको भण्डारणमा राख्ने, कोल्डस्टोर खोल्ने कुराहरूको त्यहाँ व्यवस्था गर्न कोसिस गरेका छौं । बिऊ उत्पादन क्षेत्र छुट्यो कि भनेर भन्नु भएको छ । दफावार छलफलका क्रममा पनि विधायन समितिमा पनि विशेष छलफल गर्न सकिन्छ । राखौं भने यो पनि राख्न नसकिने कुरा होइन, राख्न सकिन्छ तर हामीले अनुसूची २ मा कृषि व्यवसाय भनेर हामीले एउटा व्यवस्था गरेका छौं । कृषि व्यवसायमा हामीले बिऊ उत्पादन, बेर्ना उत्पादन, माछाको भुरा उत्पादनलगायतको धेरै विषयहरू छन् हामीले बिऊ भन्ने बित्तिकै खाद्यान्नको मात्रै बिउ बुझ्छौं हैन ? हामीले खाद्यको बिऊ, बागबानी सेन्टरको बिऊ, तरकारीलगायतको बिऊ भयो । बेर्ना भयो त्यसपछि पशुपंक्षीहरूको भुराहरू, भुराको कुराहरू पनि बिऊमा पर्छन् । यो सबै कुराहरू के छ भने हामीले एउटै ऐनमा समेट्न नसक्ने भएको हुनाले हामीले कृषि व्यवसाय भनेर अनुसूची १ मा राखेका छौं ।

मलाई लाग्छ त्यो विषयले बिऊ उत्पादन क्षेत्रमासमेत सहयोग गर्ला जस्तो मलाई लागिराखेको छ । कार्यालय प्रमुखलाई न्यायाधिश बनाउन हुन्न भन्ने सुझाव पनि दिनुभएको छ । हामीले के छ भने काम गरिसकेपछिको अवस्थामा काम सही नियतले गर्दागर्दै व्यवसायीहरूले गलत गर्न सक्छन् । त्यस्ता व्यवसायीहरूलाई हामीले कुनै न कुनै विधिबाट नियमन गर्नुपर्छ भन्ने उद्देश्य राखेर दफा १२, १३ तिर त्यो व्यवस्था गरेका छौं । त्यो दफा १२, १३ तिर जुन कार्यक्रमलाई व्यवसायीहरूले गडबड गऱ्यो भने कारवाही गर्ने अधिकार हामीले कार्यालय प्रमुखलाई दिनुपर्छ फेरि यो कारवाही अरु किसिमको कारवाहती होयन, आर्थिक दण्ड जरिवाना सम्बन्धीको कारवाही मात्र हो । जहाँ बढी मात्रामा अनुदानका कार्यक्रमहरू, आर्थिक कारोबार बढी हुन्छन्, त्यहाँमार्फत् गर्दा ठीक हुन्छ भन्ने उद्देश्यले यसलाई हामीले यहाँ प्रस्तुत गरेका हौं । पूर्वाधारको बारेमा मन्त्रालयले गर्न नहुने भन्ने कुरा छ, कृषिसँग सम्बन्धित पूर्वाधारहरू, साना सिञ्चाइ जस्तै भयो, कृषिसँग सम्बन्धित, यो व्यवसायसँग सम्बन्धित कोल्डस्टोरेजको कार्यक्रमहरू, कृषि बजारसँग सम्बन्धित संकलन केन्द्र भयो । हाटबजार जस्ता विषयहरूलगायतका अन्य थोक बजार जस्ता बजारको कार्यक्रम निर्माण गर्न पऱ्यो भने मन्त्रालयले नै गर्नुपर्छ भन्ने कुरा आएको छ । अब एउटा मन्त्रालयको कार्यक्रम अर्को मन्त्रालयबाट सम्भव नहोला भन्ने उद्देश्यले हामीले त्यहाँ राख्न कोसिस गरेका हौं । यसैले धेरै कुरा अब माननीयज्यूहरूले राख्नु भएको छ । सही सुझावहरू पनि प्राप्त गरेका छौं । सही सुझावहरू दिनुभएको छ हामीले मूलभुतमा यो १२ वटा जति विषय हामीले तोकिए बमोजिम भनेर राखेका छौं । किन यसरी राख्न पऱ्यो भनेर भन्नुहुन्छ भने कतिपय विषय के हुने रहेछ भने कृषि उपजहरूको क्षेत्र तोक्ने बारेमा हामीले अहिले भर्खरै यो क्षेत्रमा यो किसिमको उत्पादन गर्नुपर्छ भनेर ऐनमा व्यवस्था गर्न नमिल्ने

रहेछ । त्यो पछि हामीले मूलभूत विषय राखेर यसलाई नियमावलीमा तोक्नुपर्ने स्थिति भएको हुनाले त्यसरी राख्न कोसिस गरेका हौं । जस्तो अब कृषि व्यवसायमा ऋणको कुरा, अनुदान दिने कुराहरू पनि, सहुलियत दिने कुराहरू पनि यो आर्थिकसँग सम्बन्धित छ, यसको अंक घटीबढी हुनेसँग पनि सम्बन्धित छ । यो विषयलाई अहिले हामीले यहाँ ट्याक्कै तोक्न मिलेन । समर्थन मूल्य भन्ने कुराहरू पनि छन् । त्यसलाई हामीले तोकिए बमोजिम भनेका छौं । अहिले नै यो वस्तुको मूल्य यति हो भनेर तोकेर त्यो फलदायी हुँदैन, कायम हुँदैन, दिगो हुँदैन चेन्जेबल हुन्छ । परिवर्तन भइराख्या हुन्छ । यसलाई हामीले समर्थन मूल्यहरू तोकिसकेपछि बिक्री नभएको अवस्थामा राज्यले किन्नुपर्ने त्यस्तो स्थिति हुन्छ त्यसैले प्रदेश सरकारको राजपत्रमा प्रकाशित हुने गरे अनुसारको परिस्थिति पनि हामी कहाँ छ ।

बिमा सम्बन्धीको विषयवस्तु पनि हामीले तोके बमोजिम हुने भनेर किन राखेका छौं भने बिमाको कुरा पनि ऐन आएपछि २५ प्रतिशत केन्द्रबाट ७५ र २५ गरेर १०० प्रसेन्ट कृषि बिमा गर्ने भनेका छौं । यो विषय हामीले यहाँ त्यति धेरै व्यहारिक नहुने भएकाले नियमावली नै तोकेर जानुपर्छ भनेर राख्या छौं । यो लगायतको विषयछन् । कृषि व्यवसायसँग सम्बन्धित विषयहरू, बजारको नवीकरण दर्ता शुल्क घटीबढी भइरहने कुराहरू त्यसका लागि अब बजार सञ्चालनसम्बन्धीका मापदण्डहरू, त्यस्तै गरी चक्लाबन्दीसँग सम्बन्धित त्यसको बृहत् किसिमको कार्यक्रमहरू छन् । त्यसका लागि हामीले कार्यविधिमा पनि व्यवस्थित गरेका छौ । नियमावलीमै व्यवस्था गरेर जानुपर्छ भनेर यहाँ हामीले सबै कुरा राख्न कोसिस गरेनौं । भनेपछि यो लगायतका जति विषयहरू राख्नुभएको छ मलाई लाग्छ यो तोकिए बमोजिम विषय हामीले केही नियमावलीमा तोकेर जानुपर्ने, व्यवहारिक हुने, वस्तुवादी हुने भएकाले त्यसोगरी यसलाई व्यवस्था गरेका हौं । अरु के छ भने हामीले मुख्य गरी नियमावलीसँगै हामीले निर्देशिका, मापदण्ड, कार्यविधि, मापदण्ड निर्माण गरेर जाँदाखेरीको अवस्थामा हाम्रो व्यवसायलाई समय अनुकूल परिमार्जित गर्दै जान सकिने नीति योजनाहरूलाई र नयाँ-नयाँ योजना निर्माण गर्दै जानुपर्ने त्यो स्थिति भएको हुनाले मन्त्रालयले नै यो ऐनको र नियमावलीको परिधि भित्र रहेर हामीले आवश्यक निर्देशिकाहरू, मापदण्डहरू, कार्यविधिहरू, मापदण्डहरू बनाउन सकिने व्यवस्था गरेका छौं ।

यो सबै विषय जो माननीयज्यूहरूले सुझाव दिनुभएको छ । सुझावप्रति म हार्दिक धन्यवाद आभार व्यक्त गर्न चाहन्छु । धेरै विधेयक समितिमा छलफल हुनेछन् अन्तमा पनि हामीले छिट्टै छलफल गर्ने छौँ त्यसैले यो मलाई लाग्छ यो प्रक्रिया बमोजिमको २, ३ दिनको अवधिमा त्यो पछि पनि अब छोटो अवधि लिएर छलफल गरेर प्रतिवेदन पेश गरिसकेपछि यही सेसनमा यो विधेयक पास हुनेमा म पूर्णरूपमा विश्वस्त हुँदै यहाँहरूप्रति हार्दिक

धन्यवाद व्यक्त गर्दै माननीय सभामुखज्यूमार्फत यहाँ सबै माननीयज्यूहरूलाई आभार एवम् धन्यवाद व्यक्त गर्दै मेरो संक्षिप्त विषय अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सदस्यहरू, अब यो छलफल यही समाप्त हुन्छ ।**

माननीय सदस्यहरू अब म माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री लेखबहादुर थापामगरलाई मिति २०७७ साल असोज १६ गते सभामा प्रस्तुत भई सामान्य छलफलसमेत भएको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल असोज १६ गते प्रस्तुत भएको र मिति २०७७ साल असोज १८ गते यस सभामा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भई सामान्य छलफलसमेत भएको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ (क) खण्ड (ख) बमोजिम दफाबार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद !

**माननीय सदस्यहरू अब म उक्त प्रस्ताव निणयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीयहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीयहरूले हुन्न भन्नु होला ।**

यो प्रस्तावको पक्षमा हुने माननीयहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीयहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलका लाीग विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

विधेयकमा संशोधन पेश गर्न चाहनुहुने माननीय सदस्यहरूले गण्डकी प्रदेश, प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम ७२ घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनसहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ । उक्त विधेयक संशोधनको समयावधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउँछु ।

**माननीय सदस्यहरू,** अब म माननीय मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङले मिति २०७७/०६/१३ गते प्रस्तुत गर्नुभएको महालेखा परीक्षकको वार्षिक प्रतिवेदन २०७७

छलफलको लागि गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम २०१ को उपनियम २ बमोजिम सार्वजनिक लेखासमितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दछु ।

**माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई सहमति जनाइदिनु हुन अनुरोध गर्दछु ।**

**माननीय सदस्यहरू,** अब म माननीय मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङले मिति २०७७/०६/१३ गते प्रस्तुत गर्नुभएको मुख्य न्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन छलफलको लागि गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम २०१ को उपनियम २ बमोजिम विधायन लेखासमितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दछु ।

**माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई सहमति जनाइदिनु हुन अनुरोध गर्दछु ।**

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल असोज २५ गते दिनको १ बजेसम्मका लागि स्थगित हुन्छ ।